विधेयक संख्याः

# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८३

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८३, आश्विन

# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८३

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८३, आश्विन

<u>उद्देश्य र कारण</u>

नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास तथा विस्तार गर्न र गैरकानूनी हस्तक्षेप रोकी प्रभावकारी नियमनको माध्यमबाट नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नागरिक उड्डयन प्राधिकरण सम्बन्धी काननूलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले यो विधेयक पेश गरेको छु ।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

## आर्थिक टिप्पणी

नेपालको नागरिक उड्डयनमा हाल नियामक निकाय र सेवा प्रदायक निकायसमेतको काम गर्ने गरी गठन भएको नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नेपाल नागरिक उड्डयन क्षेत्रमा नियामक निकायको मात्र काम गर्ने गरी विशिष्टिकृत संस्थाको गठन गर्न यो विधेयक बनाईएको छ। विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमनकारी कार्य र सेवा प्रदायकीय कार्य विशिष्टीकृत भई नेपालको नागरिक उड्डयन क्षेत्रको विकास तथा विस्तार हुने एवम् समग्र सुशासन स्थापित हुनेछ।

नागरिक उड्डयनसँग सम्बन्धित वायुयान तथा तत् सम्वन्धी सेवाको इजाजत, दर्ता, संचालन, खारेजी, वायुयानसंग सम्वन्धित जनशक्तिको योग्यता निर्धारण, परीक्षण, लाइसेन्स र वायुयान संचालकले पालना गर्नुपर्ने शर्त तथा सुरक्षा व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलन समेतका आधारमा राष्ट्रिय मापदण्ड निर्धारण र लागू गर्नेगरी मुख्य कार्य जिम्मेवारी सहित यस प्राधिकरणको प्रस्ताव गरिएको छ। प्राधिकरण एक स्वायत्त संस्था हुने र मापदण्ड निर्धारण लगायतका विषयमा नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं प्रचलित राष्ट्रिय कानूनका आधारमा सुरक्षित एवम् भरपर्दो हवाइ उड्डयन क्षेत्रको विकास गर्ने एक अग्रणी संस्थाको रुपमा रहने विश्वास लिइएको छ।

प्राधिकरणले वायुयान, वायुसेवा एवम् विमानस्थल, र तत्सम्बन्धी सेवाहरुको दर्ता, नवीकरण, इजाजत, अनुमतिपत्र तथा जनशक्तिहरुको इजाजत, नवीकरण दण्ड, जरिवाना जस्ता कार्यबाट शुल्क उठाउने र त्यस्तो शुल्कबाट प्राधिकरणको खर्च व्यहोर्ने अवधारणा लिइएको छ । प्राधिकरणले प्रदान गर्ने सेवाबाट आर्जित आयबाट सामान्यतः प्राधिकरणको सञ्चालन र विकासको खर्च धान्न सक्ने अनुमान गरिएको भए तापनि नियामक निकाय भएको कारण शुल्क लगाउने क्षेत्रको सिमितता र शुरुका वर्षमा संस्थागत क्षमता अभिवृद्धि र संगठन निर्माणमा बढी दायित्व सिर्जना हुन सक्ने भएकोले सञ्चालन र विकासका लागि नेपाल सरकारको आंशिक आर्थिक दायित्व पर्न सक्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

# सैद्धान्तिक अवधारणा

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नियामक र सेवा प्रदायकसम्बन्धी दुवै प्रकृतिका कार्यहरु सम्पादन हुदैं आइरहेको छ। नेपाल नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९४४ (Convention on International Civil Aviation, 1944) को संविदाकारी राष्ट्र भएकोले उक्त महासन्धी र सो अन्तर्गत तर्जुमा गरिएका नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय नीति, सिद्धान्त तथा मापदण्डको परिपालना गर्नु नेपालको दायित्व रहेको छ। सन् २००९ को मे महिनामा सम्पन्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को Universal Safety Oversight Audit Program (USOAP) अन्तर्गत भएको नेपालको Safety Oversight Audit मा प्राधिकरणको नियमनकारी र सेवा प्रदायकको दोहोरो भूमिकाको सम्बन्धमा Findings औंल्याइएको र त्यस पछि सन् २०१३ र सन् २०१७ को अडिटमा समेत उक्त Findings कायम नै रहेको। पछिल्लो पटक सन् २०२२ मा भएको अडिटले समेत विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणबाट हुने सेवा प्रदायक र नियामक प्रकृतिका कार्यहरु स्पष्ट रूपमा छुट्ट्याउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने सिफारिश गरेको थियो। साथै, नेपालले नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरुमा (ICAO Assembly, ICAO DGCA Conference) नियमनकारी र सेवा प्रदायक कार्यलाई छुट्टा छुट्टै संस्था मार्फत संचालन गर्ने गरी संस्थागत सुधारको कार्य थालनी गरिएको जानकारी गराउदै आएको छ।

नयाँ ऐन जारी भएपछि हवाई यातायात जस्तो हवाई यात्रुको सुरक्षा गाँसिएको सम्बेदनशिल क्षेत्रमा नियमनकारी र सेवाप्रदायी कार्यहरु छुट्टाछुट्टै संस्थाबाट सम्पादन हुने भई विद्यमान स्वार्थको द्वन्द्व अन्त्य हुनेछ। नियमनकारी कार्यलाई अझ स्वायत्त र सशक्त बनाई एयर नेभिगेशन सेवा, विमानस्थल संचालन सेवा र उड्डयन तालिम संस्था समेत नियमनको दायरामा आई हवाई सेवा थप सुरक्षित हुनेछ। नेपालको नागरिक उड्डयनको सम्बन्धमा विद्यमान ICAO तथा युरोपियन युनियन (EU) को उडान सुरक्षा चासो समेत सम्बोधन गर्न सघाउ पुग्नेछ। नागरिक उड्डयन क्षेत्रमा हाल भइरहेका कार्यहरु विशिष्टिकृत रुपमा सञ्चालन भई सेवाको गुणस्तर अभिबृद्धि हुनेछ।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास तथा विस्तार गर्न र गैरकानूनी हस्तक्षेप रोकी प्रभावकारी नियमनको माध्यमबाट सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन 'नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८३ तर्जुमा गर्न लागिएको छ। यस विधेयक अन्तर्गत रहेका नियमनकारी, कार्यविधिगत, र प्राविधिक मापदण्डहरू समयसापेक्ष रूपमा अद्यावधिक गरिरहनुपर्ने प्रकृतिका हुने हुँदा, ती सबै विषयलाई ऐनमै उल्लेख गर्दा ऐन भद्दा हुने र कार्यान्वयनमा जटिलता आउने भएकोले आवश्यकता अनुसार नियम, विनियम र निर्देशिकामार्फत व्यवस्थित गर्न अधिकार प्रत्यायोजन गर्न वाञ्छनीय देखिएको छ।

प्रस्तुत विधेयकको दफा ६० ले नेपाल सरकारलाई नियम बनाउने र दफा ६१ ले प्राधिकरणलाई विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार प्रत्यायोजन गरेको छ। यस अधिकारको अधीनमा रही नियम तथा विनियममा स्पष्ट पारिनुपर्ने विषयहरू, नियम बनाउनुपर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरू यस प्रकार रहेका छन् :

| क्र.स. | प्रस्तावित विधेयकको दफा | नियम वा विनियममा स्पष्ट गरिने विषयहरू (प्रत्यायोजित अधिकार) | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ६० को खण्ड क, ख, ग, घ, प, ब, भ, म तथा य। | कर्मचारी प्रशासन, आर्थिक प्रशासन, योगदानमा आधारित निवृत्तिभरण, अध्यक्ष, सदस्य, महानिर्देशक र निरीक्षकको नियुक्ति, सेवा शर्त तथा सुविधा, सेवा बापतको शुल्क, कोषको सञ्चालन सम्बन्धी व्यवस्था। | कर्मचारी व्यवस्थापन, आर्थिक प्रशासन र पदाधिकारीको सेवा सुविधा, सेवा बापतको शुल्क, जस्ता विषयहरू आवश्यकता अनुसार परिमार्जन गरिरहनुपर्ने भएकोले नियम मार्फत व्यवस्थित गर्न उपयुक्त हुने। | नियामक निकायको प्रशासनिक र आर्थिक कामकारबाही व्यवस्थित, पारदर्शी र उत्प्रेरणामूलक हुने। |
| २ | दफा ६० को खण्ड ङ, च, छ, ज, झ, ट, ठ तथा व। | दर्ता प्रमाणपत्र, इजाजतपत्र, उडान योग्यता, टाइप प्रमाणपत्रको ढाँचा/मापदण्ड, व्यक्तिगत | प्रमाणपत्र र इजाजत जारी गर्ने शर्त तथा प्राविधिक ढाँचाहरू | सेवा प्रदायकहरूको नियमन कार्य |

| | | | | |
|---|---|---|---|---|
| | | इजाजतपत्र र वायुयान दर्ता तथा परीक्षण उडान, सेवा प्रदायक संस्थाको इजाजतपत्र, नवीकरण तथा नियमन सम्बन्धी व्यवस्था। | निरन्तर परिवर्तनशील हुने र ICAO को मापदण्ड अनुरूप अद्यावधिक गर्नुपर्ने भएकोले। | प्रभावकारी भई वायुयान तथा जनशक्तिको प्राविधिक मापदण्डमा अन्तर्राष्ट्रिय एकरुपता कायम हुने। |
| ३ | दफा ६० को खण्ड ञ, ड, ढ, श, स, र, तथा ल। | राष्ट्रिय उडान सुरक्षा कार्यक्रम, राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम, गोप्य परीक्षण (कोभर्ट टेष्ट), एनेक्सहरूको परिपालना, गुणस्तर व्यवस्थापन प्रणाली, घटना तथा दुर्घटनाको जाँच र आपसी समझदारीमा हुने नियमन सम्बन्धी व्यवस्था। | उडान र हवाई सुरक्षाका रणनीति, सुरक्षा परीक्षणका गोप्य विधिहरू र गुणस्तर मापदण्डहरू प्राविधिक र संवेदनशील हुने हुँदा नियममा किटान गर्न उपयुक्त हुने। | हवाई सेवा सुरक्षित भई अनधिकृत हस्तक्षेप नियन्त्रण हुने, गुणस्तर सुनिश्चित हुने र नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा हुने। |
| ४ | दफा ६० (खण्ड ण, त, थ तथा द) | एयर नेभिगेशन सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन, व्यवस्थापन तथा विमानस्थल दर्ता र वायुयान मर्मत सम्बन्धी व्यवस्था। | पूर्वाधार निर्माण तथा नेभिगेशन सेवाका प्राविधिक सर्त र मर्मत प्रक्रिया नियममै विस्तृत रूपमा खुलाउनु उपयुक्त हुने भएकोले। | विमानस्थल र नेभिगेशन सेवाको सञ्चालन सुरक्षित र अन्तर्राष्ट्रिय स्तरको हुने। |
| ५ | दफा ६० (खण्ड ध, न तथा ष) | खतराजन्य वस्तु ओसारपसार, वातावरण प्रदूषण नियन्त्रण, मानवरहित उडान प्रणाली (ड्रोन), र वन्यजन्तु (चराचुरुङ्गी) जोखिम | हवाई सुरक्षामा देखा पर्ने नयाँ प्रविधि (ड्रोन), वातावरणीय जोखिम र वन्यजन्तुको जोखिमलाई | उडानका क्रममा उत्पन्न हुन सक्ने सुरक्षा जोखिम, |

| | | | | |
|---|---|---|---|---|
| | | न्यूनीकरण सम्बन्धी व्यवस्था। | सम्बोधन गर्न प्राविधिक कार्यविधि बनाउनुपर्ने भएकोले। | वातावरणीय प्रभाव र वन्यजन्तुबाट हुने दुर्घटना न्यूनीकरण हुने। |
| ६ | खण्ड ह | ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयका सम्बन्धमा। | ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयका सम्बन्धमा समेत व्यवस्था गर्नुपर्ने भएकोले। | ऐनको कार्यन्वयन थप सहज तथा प्रभावकारी रूपमा हुने। |
| ७ | विनियम, निर्देशिका, कार्यविधि बनाउन सक्ने दफा | विनियम, निर्देशिका र मापदण्ड बनाउने अधिकार। | नियामक निकायको आन्तरिक व्यवस्थापन र प्राविधिक मापदण्डहरू ऐन र नियमको अधीनमा रही लागू गर्नुपर्ने भएकोले। | प्राधिकरणको नियमनकारी कार्य थप स्पष्ट र मापदण्डमा आधारित हुने। |

## नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम र सो को प्रारम्भ सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको । |
| २ | परिभाषा | विधेयकमा पटक पटक दोहोरिएका तथा स्पष्ट रुपमा परिभाषा गर्न उपयुक्त देखिएका विभिन्न प्राविधिक तथा कानूनी शब्द तथा शब्दावलीहरू (जस्तैः उडान अनुमति, एयर नेभिगेशन सेवा, महानिर्देशक आदि) को स्पष्ट परिभाषा गरिएको। |
| ३ | प्राधिकरणको स्थापना | नागरिक उड्डयन सम्बन्धी सेवा प्रदायक संस्थाको नियमनकारी निकायको रुपमा नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिने व्यवस्था गरिएको। |
| ४ | प्राधिकरण स्वशासित संगठित संस्था हुने | प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुने र यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने व्यवस्था गरिएको। |
| ५ | प्राधिकरणको काम, कर्तव्य र अधिकार | यस दफामा नियामक निकायका रूपमा प्राधिकरणले सम्पादन गर्नुपर्ने सम्पूर्ण प्राविधिक, प्रशासकीय र नियमनकारी कार्यहरूलाई विस्तृत रूपमा समेटिएको छ। यस अन्तर्गत प्राधिकरणका मुख्य जिम्मेवारीहरू देहाय बमोजिम व्यवस्था गरिएको छ :-<br>क. **प्रमाणपत्र तथा इजाजत व्यवस्थापनः** वायुसेवा सञ्चालन, उडान योग्यता, मनोरञ्जनात्मक उडान (ग्लाइडर, बेलुन, प्यारागलाइडिङ्ग आदि), एयर नेभिगेशन, विमानस्थल तथा हेलिप्याड सञ्चालन, हवाई मर्मत (एम.आर.ओ.), प्रशिक्षण संस्था र भूमिस्थ प्रबन्ध जस्ता कार्यका लागि प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, आंशिक रोक लगाउने वा खारेज गर्ने।<br>ख. **वायुयान दर्ता र व्यक्तिगत इजाजत :** वायुयानको दर्ता गरी दर्ता तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने, उड्डयन जनशक्तिलाई व्यक्तिगत इजाजतपत्र (लाइसेन्स) जारी गर्ने र विदेशी लाइसेन्सलाई मान्यता दिने।<br>ग. **मापदण्ड निर्धारण र नियमनः** उडान मार्ग, एयर ट्राफिक सेवा, उड्डयन सञ्चार तथा निगरानी उपकरण, यात्रु सेवा, र खतराजन्य वस्तु ओसारपसारको मापदण्ड तोकी नियमन गर्ने। साथै, वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्यास उत्सर्जनको वातावरणीय नियमन गर्ने।<br>घ. **सुरक्षा सुपरीवेक्षण :** सम्पूर्ण हवाई सेवा प्रदायक र विमानस्थलको नियमित सुरक्षा सुपरीवेक्षण गर्ने, ड्रोन (मानवरहित वायुयान) को उडान शर्त तोक्ने, र राष्ट्रिय उडान सुरक्षा तथा हवाई सुरक्षा कार्यक्रम लागू गर्ने।<br>ङ. **अन्तर्राष्ट्रिय दायित्व र नीतिगत समन्वयः** अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन का |

| | | |
|---|---|---|
| | | मापदण्ड लागू गर्ने, विदेशी नियामकहरूसँग सूचना आदानप्रदान गर्ने र मन्त्रालयलाई नीतिगत तथा भाडादर सम्बन्धी सुझाव दिने। |
| ६ | सञ्चालक समितिको गठन | प्राधिकरणको समग्र कामकारबाहीको सञ्चालन, रेखदेख र उच्चस्तरीय व्यवस्थापन गर्न गठन हुने सञ्चालक समितिको संरचना र शर्तहरू यस दफामा विस्तृत रूपमा खुलाइएको छ :-<br>क. **समितिको संरचना** : विभागीय मन्त्री (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री) अध्यक्ष रहने व्यवस्था छ। सदस्यका रूपमा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयका सहसचिवहरू रहने तथा प्राधिकरणका महानिर्देशकले सदस्य-सचिवको जिम्मेवारी निर्वाह गर्नेछन्।<br>ख. **विज्ञ सदस्यको मनोनयन र योग्यता** : उड्डयन जस्तो प्राविधिक क्षेत्रलाई निर्देशित गर्न विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण गरी उड्डयन क्षेत्र (जस्तैः उडान सञ्चालन, मर्मत, एयर ट्राफिक कन्ट्रोल, उड्डयन सञ्चार वा विमानस्थल सञ्चालन) मा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको एक जना विज्ञलाई नेपाल सरकारले सदस्य मनोनयन गर्ने व्यवस्था गरिएको छ।<br>ग. **पदावधि र कानूनी संरक्षण** : मनोनित विज्ञ सदस्यको पदावधि ४ वर्षको हुने र निजलाई एक पटक पुनः मनोनयन गर्न सकिनेछ। तर निजले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा, कार्यक्षमताको अभाव देखिएमा वा शारीरिक/मानसिक रूपमा असमर्थ भएमा सरकारले जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ। पदमुक्त गर्नुअघि सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने कानुनी व्यवस्था गरी प्राकृतिक न्यायको सिद्धान्तलाई समेत सुनिश्चित गरिएको छ। |
| ७ | समितिको काम, कर्तव्य र अधिकार | यस दफामा सञ्चालक समितिले सम्पादन गर्नुपर्ने नीतिगत, आर्थिक र व्यवस्थापकीय कार्यहरूलाई स्पष्ट रूपमा खुलाइएको छ :-<br>क. **नीतिगत तथा नियमनकारी कार्य :** नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सल्लाह र सुझाव दिने तथा प्राधिकरणको साङ्गठनिक संरचना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउने।<br>ख. **आर्थिक तथा प्रशासनिक व्यवस्थापनः** वित्तीय स्रोत परिचालन, लगानी नीति, कर्मचारी प्रशासन, आर्थिक प्रशासन र खरिद सम्बन्धी नियमावलीको मस्यौदा तयार गरी मन्त्रालयमा पेश गर्ने।<br>ग. **योजना तथा सुशासन :** प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, सोको अनुगमन र मूल्याङ्कन गर्ने/गराउने र संस्थाको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्यौंट गर्ने/गराउने। |

| | | |
|---|---|---|
| | | घ. **कार्यकारी निर्देशन :** प्राधिकरणको तर्फबाट गर्नुपर्ने सम्पूर्ण अधिकारको प्रयोग गर्ने र संस्थाको कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक निर्देशन दिने। |
| ८ | समितिको बैठक र निर्णय | यस दफाले समितिको बैठक बस्ने कार्यविधि, गणपूरक सङ्ख्या र निर्णय प्रक्रियालाई संस्थागत र पारदर्शी बनाउन निम्न व्यवस्था गरेको छ :-<br>क. **बैठक सञ्चालन प्रक्रिया :** समितिको बैठक सामान्यतया महिनामा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने। बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगावै कार्यसूची सहितको सूचना दिनुपर्ने तर विशेष परिस्थितिमा अध्यक्षले छोटो सूचनामै बैठक बोलाउन सक्ने लचिलो व्यवस्था राखिएको।<br>ख. **गणपूरक सङ्ख्या र निर्णय :** कुल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी उपस्थित भएमा मात्र बैठक बस्न सक्ने (गणपूरक सङ्ख्या पुगेको मानिने)। बैठकमा बहुमतको राय मान्य हुने र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्ने।<br>ग. **पारदर्शिता र विज्ञको प्रयोग :** बैठकको निर्णय प्रमाणित गरी अभिलेख सुरक्षित राख्नुपर्ने र आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने। बैठक भत्ता अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम हुने। |
| ९ | सदस्यको अयोग्यता | यस दफामा सञ्चालक समितिमा मनोनित हुने विज्ञ सदस्यको स्वच्छता र योग्यता सुनिश्चित गर्न विभिन्न अयोग्यताका अवस्थाहरूलाई विस्तृत रूपमा तोकिएको छ :-<br>क. **राष्ट्रियता र उमेरगत हद :** गैरनेपाली नागरिक वा विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको व्यक्ति अयोग्य हुने। साथै ३५ वर्ष पूरा नभएको र ६० वर्ष उमेर नाघेको व्यक्ति पनि अयोग्य हुने।<br>ख. **नैतिक तथा फौजदारी कसुर :** भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको व्यक्ति अयोग्य हुने।<br>ग. **आर्थिक अनुशासनहीनताः** प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको व्यक्ति अयोग्य हुने।<br>घ. **स्वार्थको द्वन्द्व :** आफू वा आफ्नो परिवारको सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष संलग्न रहेको, प्राधिकरणसँगको कारोबारमा पक्ष भएको वा आर्थिक स्वार्थ जोडिएको व्यक्ति अयोग्य हुने। साथै, प्राधिकरणसँगको कानुनी विवादमा संलग्न वा अदालतमा चलिरहेको मुद्दाको पक्ष रहेको व्यक्ति समेत समितिमा रहन नपाउने गरी व्यवस्था गरिएको। |
| १० | पद रिक्त हुने | सदस्यले लिखित राजीनामा दिएमा, पदावधि समाप्त भएमा, दफा ९ बमोजिम अयोग्य भएमा, |

| | | |
|---|---|---|
| | अवस्था | बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा, पदमुक्त गरिएमा, वा मृत्यु भएमा पद रिक्त हुने व्यवस्था गरिएको छ। |
| ११ | अध्यक्षको काम, कर्तव्य र अधिकार | समितिको बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने, प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने, समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने व्यवस्था गरिएको छ। |
| १२ | वायुसेवा सञ्चालन प्रमाणपत्र लिनुपर्ने | कसैले नेपालमा व्यवसायिक रुपमा वायुसेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट), विदेशी वायुसेवा सञ्चालन प्रमाणपत्र लिनु पर्ने र त्यस्तो प्रमाणपत्र नविकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| १३ | नागरिक उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने | कसैले वायुयान निर्माण तथा मर्मत्, सम्भार गर्ने, वायुयान वा सोको पार्टपुर्जा बिक्री गर्ने, भूमिस्थ प्रबन्ध सेवा प्रदान गर्ने वा उड्डयन सम्बन्धी प्रशिक्षण दिने (एप्रुभ्ड ट्रेनिङ) संस्था सञ्चालन गर्न वा वायुसेवाको एजेन्ट वा उडान अनुमति (क्लियरेन्स) सम्बन्धी एजेन्ट लगायतका नागरिक उड्डयन सम्बन्धी संस्था वा मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने, प्रचलित कानून बमोजिम स्थापित कुनै प्राविधिक शिक्षण संस्थाको प्रत्यक्ष निगरानीमा अनुसन्धान, खोज तथा विकासका लागि वायुयान निर्माण सम्बन्धी कार्य गर्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको नमानिने व्यवस्था गरिएको छ। |
| १४ | आंशिक रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने | प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा व्यवसाय वा सञ्चालन प्रमाणपत्र आंशिक रोक, निलम्बन वा खारेज गर्न सक्ने अधिकार प्राधिकरणलाई रहने व्यवस्था गरिएको। |
| १५ | वायुयान सञ्चालन गर्न अनुमति लिनुपर्ने | नेपालको हवाई क्षेत्र, विमानस्थल वा हेलिप्याडमा उडान वा अवतरण गर्दा प्राधिकरणको अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था गरिएको। |
| १६ | कागजात राख्नु पर्ने | नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा वा लिजमा सञ्चालन गरेका वायुयानले उडान गर्दा वायुयान दर्ता प्रमाणपत्र, वायुयानको उडान योग्यता प्रमाणपत्र, उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र, वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक), वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र, यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात, कार्गोवाहक वायुयान भए कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, र वायुयान तथा उडान सञ्चालन सम्बन्धी कार्यविधि समेत साथमा राख्नुपर्ने व्यवस्था गरिएको छ। |
| १७ | वायुयानको | उडानरत वायुयानको उडान सुरक्षा तथा हवाई सुरक्षाको मुख्य जिम्मेवारी प्रमुख चालकमा |

| | | |
|---|---|---|
| | उडान सुरक्षा तथा हवाई सुरक्षा | रहने र सुरक्षा सुनिश्चित गर्न आवश्यक कदम चाल्ने अधिकार निजलाई हुनेछ। प्रमुख चालक वायुयान सबै दृष्टिले सुरक्षित रहेको कुरामा पूर्ण विश्वस्त भएपछि मात्र उडान गर्नुपर्ने व्यवस्था छ। वायुयानभित्र यात्रुले चालक दलको निर्देशन अनिवार्य पालना गर्नुपर्ने र कसैलाई अवरोध वा खतरा पुग्ने कार्य गर्न पाइने छैन। यदि कुनै व्यक्तिले शान्ति व्यवस्थामा खलल पुऱ्याउने वा उडानमा रहेको समयमा फौजदारी कसुरजन्य कार्य गरेमा वा गर्न लागेमा प्रमुख चालकले निजलाई नियन्त्रणमा लिने वा उपयुक्त विमानस्थलमा अवतरण गराई ओराल्नेसम्मको विशेष अधिकार पाउनेछ। यस्तो कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम गर्नुपर्ने सुनिश्चितता गरिएको छ। |
| १८ | वायुयान उडाउन नहुने | कुनै वायुयान, त्यसमा सवार व्यक्ति, अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति, भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी वायुयान उडाउन नहुने गरी यो दफामा प्रस्ताव गरिएको छ । |
| १९ | मानवरहित वायुयान सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने | प्राधिकरणले नेपालको हवाई क्षेत्रमा मानवरहित वायुयानको सञ्चालनको लागि सर्त र मापदण्ड तोक्ने व्यवस्था गरेको। त्यसैगरी, कसैले नेपालको हवाई क्षेत्रमा चालकरहित वायुयानको सञ्चालन वा उडान गर्न वा गराउन चाहेमा प्राधिकरणबाट अनुमतिपत्र लिनु पर्ने व्यवस्था गरिएको छ। |
| २० | दर्ता नभएको वायुयान उडाउन नहुने | नेपाल वा अन्य कुनै मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन नहुने व्यवस्था गरिएको छ। |
| २१ | वायुयानको दर्ता | नेपालमा वायुयान दर्ता गर्ने प्रक्रियालाई यस दफाले व्यवस्थित गरेको छ। दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्राधिकरणमा निवेदन दिनुपर्ने र निर्धारित सर्त तथा मापदण्ड पूरा गरेको देखिएमा प्राधिकरणले दर्ता गर्न सक्नेछ। अन्य मुलुकमा दर्ता कायम रहेको वायुयानलाई नेपालमा दर्ता नगरिने व्यवस्था गरी दोहोरो दर्ता लाई पूर्ण रूपमा निषेध गरिएको छ। यद्यपि, अन्य मुलुकबाट दर्ता खारेजी भइसकेको वायुयानलाई भने यस ऐनको अधीनमा रही नेपालमा दर्ता गर्न सकिनेछ। नेपालमा सञ्चालन हुने सबै वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अङ्कित गरेको हुनुपर्ने अनिवार्य व्यवस्था गरी वायुयानको कानुनी पहिचान स्थापित गरिएको छ। |
| २२ | वायुयानको दर्ता खारेज | वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले संचालनमा ल्याउन नसकेमा, वायुयान बिक्री भइ नेपाल बाहिर पठाउनु पर्ने भएमा, झुट्टा विवरण पेस गरी वायुयान दर्ता गरेको पाइएमा र वायुयान सञ्चालकले औपचारिक निवेदनसहित दर्ता खारेजीको माग गरेमा दर्ता खारेज गर्ने व्यवस्था गरिएको छ । |
| २३ | राष्ट्रिय चिन्ह अङ्कित भएको | वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अङ्कित वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडान गर्न पाउने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| | वायुयान मात्र उडाउन पाइने | |
| २४ | आपसी समझदारीमा नियमन हुन सक्ने | अन्य मुलुकमा दर्ता भएको वायुयान नेपालमा लिज वा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान अन्य मुलुकमा लिज वा भाडामा दिँदा त्यस्तो मुलुकको नियमनकारी निकाय र प्राधिकरणबिच भएको समझदारीको आधारमा नियमन गरिने व्यवस्था गरिएको छ। |
| २५ | टाइप प्रमाणपत्र | नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन निवेदन दिने र आवश्यक जाँचबुझ गरी जारी गर्ने व्यवस्था गरिएको। |
| २६ | वायुयानको उडान योग्यता | नेपालको हवाई क्षेत्रमा उडान गर्नका लागि वायुयानले प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। नेपालमा दर्ता गरिएको वायुयानको यस्तो प्रमाणपत्र प्राधिकरणले निर्धारित ढाँचामा जारी गर्नेछ। प्रमाणपत्र प्राप्त नगरेको वा म्याद समाप्त भएको वायुयानले उडान गर्न नपाउने र त्यसरी उडान गरेको पाइएमा महानिर्देशक वा अधिकार प्राप्त अधिकारीले तत्काल नियन्त्रणमा लिनुपर्ने व्यवस्था छ। तर परीक्षण उडान वा पोजिसन फ्लाइटको हकमा भने महानिर्देशकले पटके उडान अनुमति जारी गर्न सक्ने व्यवस्था गरिएको छ। |
| २७ | उडान गर्न रोक लगाउने वा उडान योग्यताको प्रमाणपत्रलाई रोक, निलम्बन वा खारेज गर्ने | जारी गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित सर्त वा आदेश उल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले जरिबाना गरी बढीमा छ महिनासम्म हवाई सेवा सम्बन्धी व्यवसाय गर्न नपाउने गरी रोक लगाउन सक्ने व्यवस्था छ। रोक लगाइएको अवधिभित्र सर्त पूरा नगरेमा वा आदेशको पालना नगरेमा उडान योग्यताको प्रमाणपत्र बढीमा छ महिनासम्म निलम्बन वा खारेज गर्न सकिनेछ। यसरी रोक लगाउँदा वा प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरिएको छ। |
| २८ | वायुयानको परीक्षण गर्नुपर्ने | वायुयान सञ्चालकले वायुयान उडान गर्नुअघि प्राधिकरणद्वारा अधिकार प्राप्त प्राविधिकबाट वायुयानको सबै यन्त्र, उपकरण तथा सामान परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| २९ | वायुयानको मर्मत सम्भार गरी उडान सञ्चालन गर्नुपर्ने | वायुयान, सोको इन्जिन तथा अन्य पार्टपुर्जाहरूको मर्मत, सम्भार गर्नुपर्दा यस ऐन बमोजिम अनुमति प्राप्त संस्थाबाट वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिएबमोजिम मर्मत सम्भार गराई वायुयान उडान तथा सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ३० | विमानस्थल (एरोड्रम) दर्ता तथा सञ्चालन प्रमाणपत्र | नेपालभित्र कुनै पनि विमानस्थल (एरोड्रम) सञ्चालन गर्नुअघि प्राधिकरणले तोकेको मापदण्ड र सर्त पूरा गरी अनिवार्य रूपमा दर्ता र सञ्चालन प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिएको छ। आन्तरिक विमानस्थलको हकमा दर्ता प्रमाणपत्र मात्र लिएर पनि सेवा सञ्चालन गर्न सकिने लचकता अपनाइएको छ। साथै, उडान तथा हवाई सुरक्षा सुदृढ गर्न विमानस्थलको निर्माण, |

| | | |
|---|---|---|
| | लिनुपर्ने | मर्मत तथा विस्तार सम्बन्धी मापदण्ड बनाई नियमन गर्ने र प्राप्त प्रमाणपत्रको नियमित नवीकरण गराउनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ। |
| ३१ | रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने | विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त संस्थाले ऐन, नियम वा तोकिएका सर्त र मापदण्डको उल्लङ्घन गरेमा प्राधिकरणले त्यस्तो संस्थाको सेवा सञ्चालनमा आंशिक रोक लगाउन वा बढीमा छ महिनासम्मका लागि प्रमाणपत्र निलम्बन गर्न सक्ने अधिकार दिइएको छ। निलम्बन अवधिमा सर्त पूरा गरेमा फुकुवा हुने, तर छ महिनाभित्र पनि सर्त पूरा नगरेमा प्रमाणपत्र खारेज गरिने कडा व्यवस्था छ। यद्यपि, यस्तो कारबाही गर्नुअघि सम्बन्धित सञ्चालकलाई सफाइ पेस गर्ने मनासिब मौका अनिवार्य रूपमा दिनुपर्ने कानुनी सर्त राखिएको छ। |
| ३२ | एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनुपर्ने | हवाई उडानलाई सुरक्षित र व्यवस्थित बनाउन नेपालमा एयर नेभिगेशन सेवा प्रदान गर्न चाहने व्यक्ति वा संस्थाले प्राधिकरणले निर्धारण गरेका मापदण्ड र सर्तहरू पूरा गरी अनिवार्य रूपमा एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिएको छ। यसरी प्राप्त गरेको प्रमाणपत्र तोकिए बमोजिम नवीकरणसमेत गराउनुपर्ने कानुनी दायित्व तोकिएको छ। |
| ३३ | रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने | एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र प्राप्त संस्थाले ऐन वा नियमका सर्त र मापदण्ड उल्लङ्घन गरेमा सेवा सञ्चालनमा आंशिक रोक लगाउन वा बढीमा छ महिनासम्म प्रमाणपत्र निलम्बन गर्न सक्ने अधिकार प्राधिकरणलाई दिइएको छ। तोकिएको अवधिमा सर्त पूरा गरेमा रोक वा निलम्बन फुकुवा हुने र सर्त पूरा नगरेमा प्रमाणपत्र खारेज हुने व्यवस्था छ। यस प्रक्रियामा पनि कारबाहीअघि सम्बन्धित संस्थालाई सफाइ पेस गर्ने मौका दिनुपर्ने कानुनी सुनिश्चितता गरिएको छ। |
| ३४ | व्यक्तिगत इजाजतपत्र | वायुयानको उडान सञ्चालन, मर्मत सम्भार, फ्लाइट डिस्प्याचिङ र एयर ट्राफिक कन्ट्रोल जस्ता संवेदनशील प्राविधिक कार्यहरू व्यक्तिगत इजाजतपत्र प्राप्त नगरी गर्न नपाइने कडा व्यवस्था गरिएको छ। यस्तो व्यक्तिगत इजाजतपत्र महानिर्देशकले बढीमा पाँच वर्षको अवधि तोकी जारी गर्नेछन्। साथै, सङ्गठनको सदस्य राष्ट्रद्वारा जारी गरिएका व्यक्तिगत इजाजतपत्रलाई समेत निर्धारित मापदण्ड र सर्त पालना हुने गरी मान्यतापत्र प्रदान गर्न सक्ने लचिलो व्यवस्था गरिएको छ। |
| ३५ | रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने | व्यक्तिगत इजाजतपत्र प्राप्त कुनै पनि व्यक्तिले ऐन वा नियम विपरीत कार्य गरेमा महानिर्देशकले त्यस्तो व्यक्तिको इजाजतपत्र तत्कालका लागि रोक लगाउन वा बढीमा छ महिनासम्म निलम्बन गर्न सक्ने अधिकारको व्यवस्था छ। निलम्बन अवधिमा निर्धारित सर्त पूरा नगरेमा महानिर्देशकले इजाजतपत्र खारेज गर्न सक्नेछन्। यस्तो खारेजी वा निलम्बनको कारबाही गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्ने मनासिब मौका अनिवार्य रूपमा दिनुपर्ने व्यवस्था गरिएको छ। |
| ३६ | शुल्क लिन | ऐन बमोजिम जारी गरिने इजाजतपत्र तथा सोको नवीकरण, उडाम अनुमति, वायुयान दर्ता |

| | | |
|---|---|---|
| | सक्ने | तथा दर्ता खारेज, इजाजतपत्र जारी गर्न वा नवीकरण गर्न स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि गरिने परीक्षण वा निरीक्षण, सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणीकरण, प्राधिकरणले गर्ने नियमन शुल्क, सेवा प्रदायक संस्थाको अनुरोधमा गरेको अनुगमन बापतको शुल्क, विमानस्थल, हेलिपोर्ट र हेलिप्याड दर्ता तथा नवीकरण, समयमा शुल्क नबुझाएकोमा लाग्ने विलम्ब शुल्क लिन सक्ने व्यवस्था गरिएको छ।<br>शुल्क नबुझाउने व्यक्ति वा संस्थालाई विमानस्थल वा हेलिप्याडको सेवा प्रयोग गर्न रोक लगाई सरकारी बाँकी सरह असुल गर्न सक्ने व्यवस्था राखिएको छ। मानवीय, आपतकालीन, कूटनीतिक तथा राष्ट्रिय हितका उडानमा शुल्क छुट दिन सक्ने र यात्रु सेवा सुविधा शुल्क प्राधिकरणको सिफारिसमा नेपाल सरकारले निर्धारण गर्ने व्यवस्था गरिएको छ। |
| ३७ | असुल गर्न सकिने | प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क निर्धारित म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट थप शुल्क (विलम्ब शुल्क) असुल गर्न सक्ने अधिकार दिइएको छ। यसरी शुल्क वा थप शुल्क नबुझाउनेबाट प्राधिकरणले त्यस्तो सम्पूर्ण शुल्क सरकारी बाँकी सरह असुल उपर गर्न सक्ने कानुनी सुनिश्चितता गरिएको छ। |
| ३८ | महानिर्देशक | सञ्चालक समितिको सामान्य निर्देशन र नियन्त्रणमा रही प्राधिकरणको कार्यकारी प्रमुखको रूपमा कार्य गर्न नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा प्राधिकरणको बाह्रौं तहमा कार्यरत कर्मचारीहरूमध्येबाट सिफारिस समितिको सिफारिसमा महानिर्देशक नियुक्त गरिने व्यवस्था छ। महानिर्देशकको पदावधि चार वर्षको हुने र निजलाई पुनः नियुक्त गर्न सकिनेछ। कार्यक्षमताको अभाव भएमा, बदनियतपूर्ण कार्य गरेमा वा आर्थिक स्वार्थ बाझिएमा नेपाल सरकारले सफाइ पेस गर्ने मौका दिई जुनसुकै बखत पदमुक्त गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३९ | महानिर्देशकको काम, कर्तव्य र अधिकारः | महानिर्देशकलाई प्राधिकरणको दैनिक प्रशासन सञ्चालन गर्ने, कोषको नियन्त्रण गर्ने र स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने लगायतका सम्पूर्ण प्रशासकीय तथा वित्तीय अधिकार दिइएको छ। साथै, अन्तर्राष्ट्रिय मापदण्ड कार्यान्वयन गर्ने, उडान तथा हवाई सुरक्षाको सुपरीवेक्षण गर्ने, निरीक्षक नियुक्त गर्ने र असुरक्षित वायुयानको सञ्चालनमा रोक लगाउने जस्ता प्राविधिक तथा नियमनकारी अधिकारहरू तोकिएका छन्। दुर्घटनाको छानबिन गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्ने जिम्मेवारी समेत महानिर्देशकलाई दिइएको छ। |
| ४० | कर्मचारी सम्बन्धी व्यवस्था | प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहने व्यवस्था गरिएको छ । |
| ४१ | योगदानमा आधारित | यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा |

| | | |
|---|---|---|
| | निवृत्तभरण प्रणाली लागु गर्ने | आधारित निवृत्तिभरण प्रणाली लागु गर्ने व्यवस्था गरिएको छ । |
| ४२ | विज्ञ नियुक्त गर्न सक्ने | प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४३ | कर्मचारी समायोजन सम्बन्धी व्यवस्था | साविकको नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीहरूलाई नयाँ प्राधिकरणमा समायोजन गर्न साठी दिनको म्याद दिई निवेदन माग गर्ने र मन्त्रालयले बनाएको मापदण्डका आधारमा स्वीकृत दरबन्दीमा समायोजन गर्ने सङ्क्रमणकालीन व्यवस्था गरिएको छ। समायोजन हुँदा साविकको सेवा अवधि गणना हुने र खाइपाइ आएको पारिश्रमिक तथा सुविधा नघट्ने सुनिश्चितता गरिएको छ। बिस वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीले अवकाश हुँदा निवृत्तिभरण वा उपदान रोज्न पाउने र जनशक्ति अभाव भएमा काजमा खटाउन सक्ने व्यवस्थासमेत राखिएको छ। |
| ४४ | निरीक्षक सम्बन्धी व्यवस्था | उडान तथा हवाई सुरक्षा मापदण्डको परिपालना निरीक्षण गर्न र नियमन गर्न महानिर्देशकले आवश्यक योग्यता र अनुभवको आधारमा निरीक्षक तोक्न सक्ने व्यवस्था गरिएको छ। निरीक्षकलाई विमानस्थल, वायुयान र सम्बद्ध संस्थामा निर्बाध रूपमा प्रवेश गर्ने, नियम उल्लङ्घन वा गम्भीर जोखिम देखेमा तत्काल उडान निलम्बन गर्ने वा विमानस्थल बन्द गर्नेसम्मको विशेष अधिकार प्रदान गरिएको छ। निरीक्षकले गोप्य परीक्षण गर्न सक्ने, कारबाही सिफारिस गर्ने र निरीक्षणको गुणस्तर परीक्षण गर्न छुट्टै गुणस्तर प्रत्याभूति एकाइ गठन गर्न सकिने व्यवस्था गरिएको छ। |
| ४५ | प्राधिकरणको कोष | प्राधिकरणको आर्थिक स्वायत्तताका लागि एउटा छुट्टै कोष रहने व्यवस्था गरिएको छ। सो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, सेवा शुल्क, अनुदान, जरिबाना र यात्रु सेवा शुल्क लगायतका आयहरू जम्मा हुनेछन्। विदेशी सरकार वा संस्थाबाट ऋण वा अनुदान प्राप्त गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने र कोषको रकम इजाजतप्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिने स्पष्ट व्यवस्था गरिएको छ। |
| ४६ | लेखा र लेखापरीक्षण | प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्ने, प्राधिकरणले आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्नु पर्ने, प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये सञ्चालक समितिबाट नियुक्त लेखा परीक्षकबाट गराउनु पर्ने र प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था गरिएकोछ। |
| ४७ | कसूर | कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिने व्यवस्था गरिएको छ:-<br>(क) दर्ता नभएको वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,<br>(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृत राष्ट्रियता तथा दर्ता सङ्केतभन्दा फरक सङ्केत प्रयोग गरी |

| | | |
|---|---|---|
| | | नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा,<br>(ग) प्रचलित कानून बमोजिम बिमा नगरी वायुयान उडान गरेमा,<br>(घ) अटेरी यात्रु (अनरुली पेसेनजर) ले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गरेमा,<br>(ङ) उडान योग्यताको प्रमाणपत्र नलिई वायुयान उडान वा सञ्चालन गरेमा,<br>(च) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्रमा तोकिएको सर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,<br>(छ) इजाजतपत्र वा मान्यतापत्र आवश्यक पर्नेमा त्यस्तो इजाजतपत्र वा मान्यतापत्र प्राप्त नगरी कुनै कामकारबाही गरेमा,<br>(ज) प्राधिकरणले तोकेको सर्त पालना नगरेमा वा सर्त विपरीत एयर नेभिगेशन सेवा सञ्चालनसँग सम्बन्धित कार्य गरेमा,<br>(झ) प्रमाणपत्र बिना एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,<br>(ञ) प्राधिकरणको स्वीकृति नलिई वा निर्धारित सुरक्षा मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरी खतराजनक वस्तु वायुयानबाट ओसारपसार गरेमा,<br>(ट) प्राधिकरणले निर्धारण गरे बमोजिमको मर्मत सम्भार नगरी वायुयान सञ्चालन गरेमा,<br>(ठ) एयर नेभिगेशन सेवामा बाधा अवरोध हुने गरी कुनै यन्त्र, उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा,<br>(ड) स्वीकृत हवाई भाडा दरभन्दा बढी हवाई भाडा लिई उडान सञ्चालन गरेमा,<br>(ढ) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,<br>(ण) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुनेगरी वायुयान सञ्चालन गरेमा,<br>(त) प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,<br>(थ) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,<br>(द) उड्डयन सम्बन्धी घटना वा दुर्घटनालाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,<br>(ध) प्राधिकरणबाट अनुमति नलिई उडान तथा अवतरण गरेमा,<br>(न) महानिर्देशक वा निजले तोकेको निरीक्षक वा पदाधिकारीलाई निजको कार्य सम्पादन गर्न अवरोध गरेमा,<br>(प) यो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड पालना नगरेमा,<br>(फ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमबमोजिम उडान सुरक्षा र हवाई सुरक्षा सम्बन्धमा महानिर्देशकले दिएको आदेश वा निर्देशन पालना नगरेमा। |
| ४८ | सजाय | यस ऐन बमोजिमका कसुर गर्ने व्यक्ति वा संस्थालाई कसुरको प्रकृति र गाम्भीर्यता हेरी महानिर्देशकले एक लाखदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने अधिकार प्रदान गरिएको छ। एकपटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर दोहोर्‍याएमा दोब्बर सजाय हुने कडा कानुनी व्यवस्था गरिएको छ। महानिर्देशकले गरेको सजाय उपर चित्त |

| | | |
|---|---|---|
| | | नबुझने व्यक्ति वा संस्थाले सजायको सूचना पाएको पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने गरी न्यायिक उपचारको मार्गसमेत सुनिश्चित गरिएको छ। |
| ४९ | ऐन लागू नहुने | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक वायुयान उडानका लागि निर्धारित गरिएका विमानस्थल र हवाई क्षेत्रको हकमा यस ऐनका व्यवस्थाहरू लागु नहुने गरी सैन्य उड्डयनलाई नागरिक उड्डयनको नियमन क्षेत्राधिकारबाट कानुनी रूपमै अलग राखिएको छ। |
| ५० | सेवा प्रदायक संस्थाको दायित्व | सेवा प्रदायक संस्थाहरूलाई उडान सञ्चालन अघि थप जिम्मेवार बनाउन नेपालको हवाई क्षेत्रमा वायुयान उडाउनुअघि प्रचलित कानुन बमोजिम अनिवार्य रूपमा बिमा गर्नुपर्ने दायित्व तोकिएको छ। साथै, उडान सुरक्षा तथा हवाई सुरक्षामा पर्न सक्ने दुर्घटना, जोखिम वा नियम उल्लङ्घन सम्बन्धी कुनै पनि जानकारी प्राधिकरणलाई तत्काल गराउनुपर्ने अनिवार्य कर्तव्यसमेत किटान गरिएको छ। |
| ५१ | सेवा प्रदायक संस्थामा आवद्ध हुन नपाउने | नियमनकारी निकायको निष्पक्षता र स्वच्छता कायम राख्न तथा स्वार्थ बाझिने अवस्थालाई पूर्ण रूपमा रोक्न प्राधिकरणका अध्यक्ष, सदस्य, महानिर्देशक र विभागीय प्रमुख स्तरका कर्मचारीहरू पदबाट अलग भएको मितिले दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने कुनै पनि सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आबद्ध हुन नपाउने कडा कानुनी व्यवस्था गरिएको छ। |
| ५२ | वार्षिक प्रतिवेदन | प्राधिकरणलाई सरकारप्रति जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र आफ्नो कार्यसम्पादन र गतिविधिको वार्षिक प्रतिवेदन विभागीय मन्त्रालयसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ५३ | भाग लिन वा हिस्सेदार हुन नपाउने | आर्थिक अनुशासन कायम गर्न प्राधिकरणका अध्यक्ष, सदस्य, महानिर्देशक, कर्मचारी तथा विशेषज्ञहरूले प्राधिकरणसँग सम्बन्धित कुनै पनि कारोबार वा ठेक्कापट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भाग लिन वा हिस्सेदार बन्न नपाउने गरी पूर्ण रूपमा रोक लगाइएको छ। |
| ५४ | शपथ | प्राधिकरणको कामकारबाहीलाई पदीय मर्यादा, गोपनीयता र इमान्दारीपूर्वक सम्पादन गराउन मनोनीत सदस्य र महानिर्देशकले आफ्नो पद बहाली गर्नुअघि प्रचलित कानुन बमोजिम अध्यक्षसमक्ष अनिवार्य रूपमा शपथ लिनुपर्ने कानुनी व्यवस्था गरिएको छ। |
| ५५ | अधिकार प्रत्यायोजन | प्रशासनिक तथा नियमनकारी कार्यहरूलाई छिटोछरितो र प्रभावकारी रूपमा सम्पादन गर्न सञ्चालक समितिले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार समितिका सदस्य, महानिर्देशक वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। त्यसैगरी, महानिर्देशकले आफूलाई प्राप्त न्यायिक बाहेकका नियमन, सुपरीवेक्षण र निरीक्षणका अधिकारहरू निरीक्षकलाई र अन्य अधिकारहरू प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यावहारिक व्यवस्था गरिएको छ। |
| ५६ | निर्देशन दिन सक्ने | नेपाल सरकार वा विभागीय मन्त्रालयले यस ऐनको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा प्राधिकरणलाई आवश्यक नीतिगत तथा प्रशासकीय निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको अनिवार्य कर्तव्य हुने गरी स्पष्ट कानुनी व्यवस्था गरिएको छ। |
| ५७ | नेपाल | प्राधिकरणले आफ्नो कामकारबाहीका सिलसिलामा नेपाल सरकारसँग सम्पर्क वा पत्राचार |

| | | |
|---|---|---|
| | सरकारसँग सम्पर्क | गर्नुपर्दा सोझै नभई आफ्नो विभागीय मन्त्रालयमार्फत मात्र गर्नुपर्ने गरी पदीय मर्यादा र संस्थागत कार्यविधि तोकिएको छ। |
| ५८ | प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने | कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित फौजदारी कानुनको समेत उल्लङ्घन हुने अवस्था भएमा त्यस्तो प्रचलित कानुन बमोजिम छुट्टै मुद्दा चलाउन यस ऐनले कुनै बाधा नपुऱ्याउने कुरा स्पष्ट गरिएको छ। |
| ५९ | सम्पत्ति तथा दायित्व सर्ने | यो ऐन प्रारम्भ हुँदाका बखत साविकको नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका चल अचल सम्पत्तिहरूमध्ये नयाँ नियामक प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले तोकिदिएका घर, जग्गा र सम्पत्ति यस प्राधिकरणमा सर्ने सङ्क्रमणकालीन व्यवस्था गरिएको छ। |
| ६० | नियम बनाउने अधिकार | नेपाल सरकारले यस ऐन बमोजिम वायुयान, विमानस्थल, व्यक्तिगत वा संस्थाको नाममा जारी गरिने दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यता र त्यस्तो दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यताको नवीकरण, निलम्बन वा खारेज, वायुयानको दर्ता वा वायुयान सञ्चालन प्रमाणपत्रको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा राष्ट्रिय चिन्ह, राष्ट्रिय उडान सुरक्षा कार्यक्रम तथा उडान सुरक्षा व्यवस्थापन, आपसी समझदारीमा हुने नियमन, वायुयानको मर्मत, सम्भार तथा परीक्षण, अध्यक्ष तथा सदस्यको सेवाका शर्त र सुविधा, समिति तथा प्राधिकरणको काम, कर्तब्य र अधिकार, प्राधिकरणबाट प्रदान गरिने सेवाको शुल्क, कोषको सञ्चालन, निरीक्षकको नियुक्ति, महानिर्देशकको नियुक्ति, सुविधा तथा सेवाको शर्त, ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयमा आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ । |
| ६१ | विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | न र नियमको अधीनमा रही प्राधिकरणले आफ्नो दैनिक कार्य सञ्चालन र प्राविधिक नियमनलाई चुस्त बनाउन आवश्यकता अनुसार विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने स्वायत्तता प्रदान गरिएको छ। यद्यपि, आर्थिक दायित्व थपिने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने सर्त राखिएको छ र त्यस्ता कार्यविधि सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ६२ | असल नियतले गरेको कामको बचाउ | संस्थाको हित र ऐन कार्यान्वयनको सिलसिलामा असल नियतले गरेको काममा कुनै पनि पदाधिकारी वा कर्मचारी उपर व्यक्तिगत कानुनी कारबाही नहुने व्यवस्था गरी संरक्षण प्रदान गरिएको छ। तर बदनियत वा गम्भीर हेलचेक्र्याइँ गरी संस्थालाई नोक्सानी पुऱ्याएमा भने कानुन बमोजिम व्यक्तिगत रूपमै जिम्मेवार हुनुपर्ने कडा सर्तसमेत राखिएको छ। |
| ६३ | खारेजी र बचाउ | साविकको नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ लाई खारेज गरिएको छ। यद्यपि, सो ऐन बमोजिम नियमनसँग सम्बन्धित विषयमा विगतमा भए/गरेका सम्पूर्ण कामकारबाही तथा निर्णयहरू यसै नयाँ ऐन बमोजिम भएको मानी कानुनी निरन्तरता र वैधता प्रदान गरिएको छ। |

# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास तथा विस्तार गर्न र गैरकानूनी हस्तक्षेप रोकी प्रभावकारी नियमनको माध्यमबाट नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकान्नब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "इजाजतपत्र" भन्नाले नागरिक उड्डयन क्षेत्रको निश्चित कार्यसम्पादनका लागि प्राधिकरणले निर्धारण गरेको सर्त र मापदण्ड पूरा गरेको आधारमा नियामकीय निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई जारी गरिएको इजाजतपत्र वा अनुमति सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यका लागि जारी गरिएको प्रमाणपत्र, स्वीकृतिपत्र, मान्यतापत्र वा अनुमति पत्रलाई समेत जनाउँछ।

(ग) "उडान अनुमति" भन्नाले सेड्युल्ड (नियमित), नन् सेड्युल्ड, चार्टर्ड, निजी, आकस्मिक, कूटनीतिक लगायतका उडानका लागि जारी गरिएको अनुमति सम्झनुपर्छ।

(घ) "उडान योग्यताको प्रमाणपत्र" भन्नाले कुनै वायुयान उडान गर्ने प्रयोजनको लागि प्राधिकरणले निर्धारण गरेको मापदण्ड पूरा गरेको आधारमा प्राधिकरणले जारी गरेको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेस) सम्झनुपर्छ।

(ङ) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालनसँग सम्बद्ध जोखिम न्यूनीकरण र नियन्त्रण सम्बन्धी स्वीकार्य स्तरको उडान सुरक्षा (फ्लाइट सेफ्टी) सम्झनुपर्छ।

(च) "एयर नेभिगेशन सेवा" भन्नाले वायुयान उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने एयर ट्राफिक मेनेजमेन्ट, हवाई सञ्चार, पथ प्रदर्शन तथा निगरानी, उड्डयन

मौसमी सेवा, खोज तथा उद्धार सेवा, एरोनटिकल म्याप्स एण्ड चार्ट्स, प्रोसिजर फर एयर नेभिगेशन-एयरक्राफ्ट अपरेशन र उड्डयन सूचना सेवा सम्झनुपर्छ।

(छ) "खतराजन्य वस्तु" भन्नाले उडानका क्रममा मानिसको स्वास्थ्य, सुरक्षा, सम्पत्ति तथा वातावरणमा जोखिम उत्पन्न गराउन सक्ने कुनै वस्तु वा तत्व (डेन्जरस गुड्स) सम्झनुपर्छ।

(ज) "टाइप प्रमाणपत्र" भन्नाले वायुयान, इन्जिन वा प्रोपेलरको प्रारूप निश्चित गर्न अधिकार प्राप्त मुलुकले उडान योग्यता सम्बन्धी मापदण्ड (एयरवर्दिनेश रिक्वायरमेण्ट) पूरा गरेको भनी जारी गरेको प्रमाणपत्र सम्झनुपर्छ।

(झ) "निरीक्षण" भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड वा सर्त पूरा भए नभएको जाँचपड्ताल गर्ने कार्यलाई सम्झनुपर्छ।

(ञ) "निरीक्षक" भन्नाले नागरिक उड्डयन सम्बन्धी कानून तथा सङ्गठनले तोकेको मापदण्डको परिपालना गराउनका लागि निरीक्षण, परीक्षण र मूल्याङ्कन गरी निर्देशन दिन सक्ने प्राविधिक दक्षता भएको अख्तियारप्राप्त व्यक्ति सम्झनुपर्छ।

(ट) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिमको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनुपर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको नागरिक उड्डयन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ड) "महानिर्देशक" भन्नाले दफा ३८ बमोजिम नियुक्त प्राधिकरणको महानिर्देशक सम्झनुपर्छ।

(ढ) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थिर वा चलायमान हुन सक्ने जुनसुकै यन्त्र वा उपकरण जोडिएको यान सम्झनुपर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको हट एयर बेलुन, मानव रहित उडान प्रणाली, ग्लाईडर, ह्याङग्लाईडर, माइक्रोलाइट वा उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ।

(ण) "वायुसेवा" भन्नाले कुनै कम्पनी वा संस्थाले हवाई यातायातबाट यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने व्यावसायिक सेवा सम्झनुपर्छ।

(त) "वायुसेवा सञ्चालक प्रमाणपत्र" भन्नाले व्यावसायिक रूपमा वायुसेवा सञ्चालन गर्नको लागि प्राधिकरणबाट वायुसेवा सञ्चालकको नाममा जारी गरिएको प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) सम्झनुपर्छ।

(थ) "विमानस्थल" भन्नाले वायुयानको आगमन, प्रस्थान तथा सतहमा गुड्न वा धावनको लागि पूर्ण वा आंशिक रूपमा प्रयोग हुने निर्धारित भू-सतह वा जलक्षेत्र र त्यस्तो क्षेत्रमा जडिएको कुनै भवन, संरचना वा उपकरणले ओगटेको स्थल सम्झनुपर्छ।

(द) "विमानस्थल प्रमाणपत्र" भन्नाले विमानस्थल सञ्चालन गर्न पाउने गरी दफा ३० बमोजिम जारी हुने विमानस्थल (एरोड्रम) दर्ता तथा सञ्चालन प्रमाणपत्र सम्झनुपर्छ।

(ध) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा वायुयान उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा सो सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामको लागि यन्त्र, सञ्चार वा उड्डयन सहाय (नेभिगेशन एड) उपकरणहरू जडान भएका वा नभएका स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा, घाट वा अन्य यस्तै संरचना सम्झनुपर्छ।

(न) "सङ्गठन" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आ.सि.ए.ओ.) सम्झनुपर्छ।

(प) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ

(फ) "सदस्य राष्ट्र" भन्नाले सङ्गठनको सदस्यता प्राप्त गरेको राष्ट्र सम्झनुपर्छ।

(ब) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(भ) "सेवा प्रदायक संस्था" भन्नाले एयर नेभिगेशन सेवा, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन सम्बन्धी सेवा, वायुसेवा सञ्चालन, वायुयान तथा वायुयानका पार्टपुर्जा निर्माण तथा मर्मत सम्भार सेवा, नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सेवा, भूमिस्थ प्रवन्ध सेवा तथा नागरिक उड्डयन सम्बन्धी सेवा प्रदान गर्ने संस्था सम्झनुपर्छ।

(म) "हवाई मार्ग" भन्नाले वायुयान सञ्चालन गर्नका लागि निर्दिष्ट गरिएको मार्ग सम्झनुपर्छ।

(य) "हवाई सुरक्षा" भन्नाले नागरिक उड्डयन सेवामा हुन सक्ने गैरकानूनी हस्तक्षेप रोक्नका लागि गरिने हवाई सुरक्षा (एभिएसन सेक्युरिटी) व्यवस्था सम्झनुपर्छ।

(र) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरण गर्न निर्धारण गरिएको स्थान सम्झनुपर्छ।

(ल) "हेलिपोर्ट" भन्नाले इन्धन, पार्किङ, मर्मत सम्भारसमेतको व्यवस्था भएको हेलिप्याड सहितको संरचना रहेको स्थान सम्झनुपर्छ।

## परिच्छेद-२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्राधिकरणको स्थापना** : (१) नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउनको लागि सेवा प्रदायक संस्थाको नियमनकारी निकायको रूपमा काम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अङ्ग्रेजी भाषामा "सिभिल एभिएशन अथोरिटी अफ नेपाल" र छोटकरीमा "सि.ए.ए.एन." भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **<u>प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुने</u>** : (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इजाजतपत्र सम्बन्धी :-

(१) प्रचलित कानून अनुसार इजाजतप्राप्त कुनै संस्था वा सेवा प्रदायक संस्थालाई देहायको विषयमा इजाजतपत्र जारी गर्ने, नवीकरण गर्ने र त्यस्तो इजाजतपत्रलाई रोक, निलम्बन वा खारेज गर्ने :-

(अ) वायुसेवा सञ्चालन,

(आ) वायुयान उडान योग्यता,

(इ) ग्लाइडर, अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्याराग्लाइडिङ, ह्याङग्लाइडिङ, स्काइडाइभ जस्ता मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन,

(इ) एयर नेभिगेशन सेवा सञ्चालन,

(उ) विमानस्थल, हेलिप्याड तथा हेलिपोर्ट सञ्चालन,

(ऊ) नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण संस्था,

(ए) वायुयान तथा वायुयानको पार्टपुर्जा निर्माण वा मर्मत सम्भार, वायुयानको विस्तृत मर्मत (ओभरहल),

(ऐ) वायुयान, त्यसका उपकरण वा पार्टपुर्जा पैठारी, निकासी, सञ्चय र बिक्री-वितरण,

(ओ) विदेशी वायुसेवाको नेपालमा व्यावसायिक उडान सञ्चालन,

(औ) भूमिस्थ प्रबन्ध सेवा सञ्चालन,

(अं) वायुसेवाको एजेन्ट वा उडान अनुमति (क्लियरेन्स) सम्बन्धी एजेन्ट लगायतका नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन।

(२) वायुयानलाई टाइप प्रमाणपत्र जारी गर्ने वा टाइप प्रमाणपत्रको मान्यता प्रदान गर्ने,

(३) नागरिक उड्डयन क्षेत्रमा कार्यप्रकृतिको आधारमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रलाई मान्यता प्रदान गर्ने,

(४) एरोनटिकल सर्वेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्तो सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण प्रमाणित गर्ने।

(ख) दर्ता सम्बन्धी :-

(१) वायुयान दर्ता गरी दर्ता चिन्ह तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने,

(२) विमानस्थल दर्ता वा प्रमाणीकरण गर्ने,

(३) हेलिपोर्ट र हेलिप्याड दर्ता गर्ने।

(ग) मापदण्ड निर्धारण (स्ट्याण्डराइजेशन), नियमन तथा सुपरीवेक्षण सम्बन्धी :-

(१) एयर नेभिगेशन सेवा तथा सेवा प्रदायक संस्थाले प्रवाह गर्ने सेवा, अग्नि निवारण र जीवन उद्धार सेवा र उड्डयन मौसमी सेवाको स्तर तथा मापदण्ड निर्धारण र नियमन गर्ने,

(२) एयर नेभिगेशन सेवा तथा विमानस्थल सञ्चालनसँग सम्बन्धित सेवा, सुविधामा प्रयोग हुने यन्त्र, उपकरणको जडान, सञ्चालन तथा मर्मत, सम्भार कार्यको स्तर तथा मापदण्ड निर्धारण, नियमित अनुगमन तथा नियमन गर्ने,

(३) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण विधि प्राधिकरणबाट स्वीकृत सर्त र मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा नियमन गर्ने,

(४) बेलुन, प्याराग्लाइड, प्यारासुट, स्काइडाइभ लगायतका यन्त्ररहित वायुयान तथा मानवरहित वायुयानको लागि उडानका सर्त निर्धारण र नियमन गर्ने,

(५) नागरिक उड्डयनमा प्रयोग गरिने मापन एकाइ, नेपालको भू-भाग र हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने चिन्ह (सिग्नल) तोक्ने र सोको मापदण्ड निर्धारण गर्ने,

(६) विमानस्थलमा प्रदान गरिने सेवा र सुविधाको मापदण्ड निर्धारण गरी सुपरीवेक्षण र नियमन गर्ने,

(७) नेपालमा दर्ता भएका वायुयान र नेपालमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्यास उत्सर्जन सम्बन्धमा आवश्यक मापदण्ड तोकी नियमन गर्ने,

(८) खतराजन्य वस्तु वायुयानबाट ओसारपसार गर्ने सम्बन्धमा मापदण्ड तोकी नियमन गर्ने,

(९) हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा एयर नेभिगेशन र अन्य सेवा प्रदायकको सुरक्षा सुपरीवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,

(१०) नागरिक उड्डयनको क्षेत्रमा काम गर्ने जनशक्तिको लागि आवश्यक योग्यता तोक्ने, कार्य समयको सर्त निर्धारण गर्ने र सोको नियमन गर्ने,

(११) विमानस्थलमा सेवा प्रदायक संस्थाले प्रदान गर्ने यात्रु सेवा सुविधाको मापदण्ड बनाउने र त्यस्तो मापदणड कार्यान्वयनको अनुगमन गर्ने।

(घ) अन्तर्राष्ट्रिय समन्वय सम्बन्धी :-

(१) नेपाल पक्ष भएका नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र सो महासन्धिका एनेक्स वा सङ्गठनबाट जारी भएका मापदण्ड तथा सिफारिस (स्ट्याणर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) तथा तिनमा समय समयमा सङ्गठनबाट हुने परिमार्जनलाई कार्यान्वयन गर्ने वा गराउने, ती मापदण्ड तथा सिफारिस कार्यान्वयन गर्न मापदण्ड (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गरी कार्यान्वयन गर्ने वा गराउने र त्यस्ता अन्तर्राष्ट्रिय महासन्धि बमोजिम वा सङ्गठनबाट जारी भएका सर्त वा मापदण्ड (स्ट्याणर्डस) मा फरक मत भए सोसमेत सम्बन्धित निकायमा दर्ता गराउने,

(२) विभिन्न मुलुकका नागरिक उड्डयन नियामक निकायबिच हुने उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी सूचना सङ्कलन, प्रशोधन तथा आदानप्रदान गर्ने,

(३) नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्घसंस्था तथा सदस्य राष्ट्रका नागरिक उड्डयन नियामक निकायसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी सो सम्बन्धमा मन्त्रालयलाई जानकारी गराउने,

(४) उडान सुरक्षा र हवाई सुरक्षा प्रवर्द्धनका लागि मापदण्ड निर्माण गर्दा आवश्यकता अनुसार सङ्गठनमा सहभागिता जनाउने र सङ्गठनबाट स्वीकृत नीति, योजना तथा मापदण्ड कार्यान्वयन गर्ने वा गराउने,

(५) एरोनटिकल अथोरिटीको रूपमा काम गर्ने।

(ङ) सुरक्षा तथा व्यवस्थापन सम्बन्धी :-

(१) राष्ट्रिय उडान सुरक्षा कार्यक्रम समितिबाट र राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम प्रचलित कानून बमोजिम गठन भएको राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिबाट स्वीकृत गराई लागु गर्ने,

(२) आन्तरिक हवाई भाडादर तय गरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(३) हवाई यात्रुको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणको सुरक्षा व्यवस्थापनको लागि सम्बन्धित सेवा प्रदायक संस्था, सम्बन्धित निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(४) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(५) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड सम्बन्धी सुरक्षा मापदण्ड स्वीकृत गर्ने।

(च) विविध :-

(१) नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूलाई सुरक्षित र व्यवस्थित रूपमा सङ्ग्रह गर्ने,

(२) नेपालको वायुक्षेत्रको वर्गीकरण तथा पुनर्संरचना गर्ने,

(३) नागरिक उड्डयनसँग सम्बन्धित नीतिगत विषयमा मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने,

(४) नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने।

## परिच्छेद-३

## सञ्चालक समिति

६. **सञ्चालक समितिको गठन** : (१) प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ :-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नागरिक उड्डयनको क्षेत्रमा अनुभव भएका विज्ञहरू

मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(च) महानिर्देशक -सदस्य

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि मनोनयन हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) महानिर्देशकले तोकेको प्राधिकरणको कम्तीमा एघारौं तहको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।

७. **समितिको काम, कर्तव्य र अधिकार** : यस ऐन अन्यत्र उल्लेख भएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नीति निर्माण, सङ्गठन तथा प्रशासनिक व्यवस्था सम्बन्धी :-

(१) नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने,

(२) प्राधिकरणको साङ्गठनिक संरचना स्वीकृति गर्ने,

(३) प्राधिकरणको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र खरीद सम्बन्धी नियमावलीको मस्यौदा गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(ख) आर्थिक व्यवस्थापन सम्बन्धी :-

(१) प्राधिकरणको वित्तीय स्रोत परिचालन नीति र लगानी नीति तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(२) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(३) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(४) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने।

(ग) कार्यकारी अधिकार, अनुगमन तथा निर्देशन सम्बन्धी :-

(१) प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(२) प्राधिकरणको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक निर्देशन दिने।

८. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले कार्यसूची सहितको बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

तर विशेष परिस्थितिमा अध्यक्षले छोटो सूचना दिई बैठक बोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय सदस्य सचिवले बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(८) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **सदस्यको अयोग्यता** : देहायको व्यक्ति दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सदस्य पदमा मनोनयन हुन अयोग्य हुनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिकपतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा दामासाहीमा परेको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) आफू वा आफ्नो परिवारको कुनै सदस्य प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको, वा

(च) प्राधिकरणसँगको कानूनी विवादमा संलग्न वा प्राधिकरण विरुद्ध अदालतमा चलिरहेको मुद्दाको पक्ष रहेको व्यक्ति।

१०. **<u>पद रिक्त हुने अवस्था</u>** : देहायको अवस्थामा दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पद रिक्त हुनेछ :–

(क) अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) दफा ९ बमोजिम अयोग्य भएमा,

(घ) बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा

(च) मृत्यु भएमा।

११. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठकमा छलफल गरिने विषय र प्राथमिकता निर्धारण गर्ने,

(ख) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने।

## परिच्छेद-४

## <u>वायुसेवा सञ्चालन</u>

१२. **<u>वायुसेवा सञ्चालन प्रमाणपत्र लिनुपर्ने</u>** : (१) कसैले नेपालमा व्यावसायिक रूपमा वायुसेवा सञ्चालन गर्न प्राधिकरणबाट वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) लिनु पर्नेछ।

(२) नेपालमा व्यावसायिक उडान गर्न चाहने विदेशी वायुसेवाले प्राधिकरणबाट विदेशी वायुसेवा सञ्चालन प्रमाणपत्र (फरेन एयर अपरेटर सर्टिफिकेट) लिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट नवीकरण गराउनु पर्नेछ।

१३. **<u>नागरिक उड्डयन व्यवसाय सञ्चालन गर्न प्रमाणपत्र लिनुपर्ने</u>** : (१) कसैले वायुयान निर्माण तथा मर्मत, सम्भार गर्ने, वायुयान वा सोको पार्टपुर्जा बिक्री गर्ने, भूमिस्थ प्रबन्ध सेवा प्रदान गर्ने वा उड्डयन सम्बन्धी

प्रशिक्षण दिने (एप्रुभ्ड ट्रेनिङ) संस्था सञ्चालन गर्न वा वायुसेवाको एजेन्ट वा उडान अनुमति (क्लियरेन्स) सम्बन्धी एजेन्ट लगायतका नागरिक उड्डयन सम्बन्धी संस्था वा मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्थापित कुनै शिक्षण संस्थाले प्राधिकरणको प्रत्यक्ष निगरानीमा नागरिक उड्डयन सम्बन्धी अनुसन्धान तथा विकाससम्बन्धी कार्य गर्न बाधा पुगेको मानिनेछैन।

१४. **<u>आंशिक रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने</u>** : (१) दफा १२ वा १३ बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त उल्लङ्घन गरेमा प्राधिकरणले सेवा वा व्यवसायमा आंशिक रोक लगाउन वा त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आंशिक रोक वा निलम्बनमा परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त पूरा गरेमा प्राधिकरणले त्यस्तो आंशिक रोक वा निलम्बन फुकुवा गर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको संस्थाले उपदफा (२) बमोजिमको सर्त पूरा नगरी निलम्बन फुकुवा नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम आंशिक रोक लगाउनु वा निलम्बन गर्नु वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

१५. **<u>वायुयान सञ्चालन गर्न अनुमति लिनुपर्ने</u>** : (१) नेपालको हवाई क्षेत्र, विमानस्थल, हेलिपोर्ट वा हेलिप्याडमा वायुयान सञ्चालन गर्न प्राधिकरणको अनुमति लिनु पर्नेछ।

(२) प्राधिकरणले वायुयानको उडान तथा अवतरणको प्रकृति अनुसार सर्त, मापदण्ड र प्रक्रिया तोकी अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सर्त, मापदण्ड वा प्रक्रिया नियमन गर्ने जिम्मेवारी प्राधिकरणको हुनेछ।

१६. **<u>कागजात राख्नुपर्ने</u>** : नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा वा लिजमा सञ्चालन गरेका वायुयानले उडान गर्दा देहायका कागजात साथमा राख्नु पर्नेछः-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यता प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक),

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेसन इजाजतपत्र,

(च) यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात,

(छ) कार्गोवाहक वायुयान भए कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(ज) खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(झ) वायुयान, उडान सञ्चालन तथा हवाई सुरक्षा सम्बन्धी कार्यविधि (म्यानुअल), र

(ञ) प्राधिकरणले तोकेका अन्य कागजात।

१७. **वायुयानको उडान सुरक्षा तथा हवाई सुरक्षा** : (१) उडानरत वायुयानको उडान सुरक्षा तथा हवाई सुरक्षाको लागि वायुयानको प्रमुख चालक मुख्य जिम्मेवार हुनेछ र निजलाई सो अवधिभर उडान सुरक्षा तथा हवाई सुरक्षा सुनिश्चितताको लागि आवश्यक कदम चाल्ने अधिकार हुनेछ।

(२) वायुयान उडान गर्न सबै दृष्टिले सुरक्षित रहेको कुरामा वायुयानको प्रमुख चालक विश्वस्त भएपछि मात्र वायुयानको उडान गर्नु पर्नेछ।

(३) वायुयानभित्र रहेका यात्रुले चालक दलका सदस्यले दिएको निर्देशनको पालना गर्नुपर्नेछ र कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गर्न वा गराउन हुँदैन।

(४) नेपालमा दर्ता भएको वा नेपालको हवाई क्षेत्रमा उडान गरिरहेको वायुयानभित्र रहेको कुनै व्यक्तिले वायुयानभित्रको शान्ति व्यवस्था र अनुशासनमा खलल पुग्नसक्ने कार्य गरेको वा गर्न लागेको विश्वास गर्न सकिने आधार तथा कारण भएमा वा उडानमा रहेको समयमा प्रचलित कानून बमोजिम फौजदारी कसुर ठहरिने कुनै कार्य गरेको वा गर्न लागेको भन्ने वायुयानको प्रमुख चालकलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन वा उपयुक्त ठानेको विमानस्थलमा वायुयान अवतरण गराई वायुयानबाट ओराल्ने लगायतका उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता बमोजिम गर्नु पर्नेछ।

१८. **वायुयान उडाउन नहुने** : कुनै वायुयान, त्यसमा सवार व्यक्ति, अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति, भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी वायुयान उडाउन हुँदैन।

१९. **मानवरहित वायुयान सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने** : (१) प्राधिकरणले नेपालको हवाई क्षेत्रमा मानवरहित वायुयानको सञ्चालनको लागि सर्त र मापदण्ड तोक्नेछ।

(२) कसैले नेपालको हवाई क्षेत्रमा मानवरहित वायुयानको सञ्चालन गर्न वा गराउन चाहेमा प्राधिकरणबाट अनुमतिपत्र लिनु पर्नेछ।

## परिच्छेद-५

## वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह

२०. **दर्ता नभएको वायुयान उडाउन नहुने** : नेपाल वा अन्य कुनै मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन हुँदैन।

२१. **वायुयानको दर्ता** : (१) नेपालमा वायुयान दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा निर्धारित सर्त तथा मापदण्ड पूरा गरेको देखिएमा प्राधिकरणले वायुयान दर्ता गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकमा दर्ता भएको वायुयानलाई नेपालमा दर्ता गरिनेछैन।

तर अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई यस ऐनको अधीनमा रही नेपालमा दर्ता गर्न सकिनेछ।

(४) नेपालमा सञ्चालन हुने वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अङ्कित गरेको हुनु पर्नेछ।

२२. **वायुयानको दर्ता खारेज** : प्राधिकरणले देहायको कुनै अवस्थामा दफा २१ बमोजिम नेपालमा दर्ता रहेको वायुयानको दर्ता खारेज गर्नेछ :-

(क) वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले सञ्चालनमा ल्याउन नसकेमा,

(ख) वायुयान बिक्री भई नेपाल बाहिर पठाउनु पर्ने भएमा,

(ग) झुट्टा विवरण पेस गरी वायुयान दर्ता गरेको पाइएमा,

(घ) वायुयान सञ्चालकले औपचारिक निवेदनसहित दर्ता खारेजीको माग गरेमा।

२३. **राष्ट्रिय चिन्ह अङ्कित भएको वायुयान मात्र उडाउन पाइने** : वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अङ्कित वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडाउन पाइनेछ।

२४. **आपसी समझदारीमा नियमन हुन सक्ने** : अन्य मुलुकमा दर्ता भएको वायुयान नेपालमा लिज वा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान अन्य मुलुकमा लिज वा भाडामा दिंदा त्यस्तो मुलुकको नियमनकारी निकाय र प्राधिकरणबिच भएको समझदारीको आधारमा नियमन गरिनेछ।

२५. **टाइप प्रमाणपत्र** : (१) नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयानको सञ्चालक वा निर्माताले प्राधिकरणमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा उपयुक्त देखिएमा प्राधिकरणले टाइप प्रमाणपत्र जारी गर्नेछ।

## परिच्छेद-६

## उडान योग्यता (एयरवर्दिनेश)

२६. **वायुयानको उडान योग्यता** : (१) नेपालको हवाई क्षेत्रमा उडान गर्नका लागि वायुयानले प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त गर्नु पर्नेछ ।

(२) नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र प्राधिकरणले निर्धारित ढाँचामा जारी गर्नेछ।

(३) उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरेको वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको कुनै वायुयानले नेपालभित्र उडान गर्न पाउनेछैन। त्यसरी उडान गरेको पाइएमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयानलाई तत्काल नियन्त्रणमा लिनुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षण उडान वा पोजिसन फ्लाइटको हकमा महानिर्देशकले पटके उडान अनुमति जारी गर्न सक्नेछ।

२७. **उडान गर्न रोक लगाउने वा उडान योग्यताको प्रमाणपत्रलाई रोक, निलम्बन वा खारेज गर्ने** : (१) दफा २६ बमोजिम जारी गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित सर्त वा आदेश उल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिलाई दफा ४८ बमोजिम जरिबाना गरी बढीमा छ महिनासम्म हवाई सेवा सम्बन्धी व्यवसाय गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिले उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित सर्त पूरा नगरेमा वा आदेशको पालना नगरेमा निजको उडान योग्यताको प्रमाणपत्र बढीमा छ महिनासम्म निलम्बन वा खारेज गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम उडान गर्न रोक लगाउँदा वा उपदफा (२) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-७

## वायुयानको परीक्षण, मर्मत तथा सम्भार

२८. **वायुयानको परीक्षण गर्नुपर्ने** : वायुयान सञ्चालकले वायुयान उडान गर्नुअघि प्राधिकरणद्वारा अधिकार प्राप्त प्राविधिकबाट वायुयानको सबै यन्त्र, उपकरण तथा सामान परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित गर्नु पर्नेछ।

२९. **वायुयानको मर्मतसम्भार गरी उडान सञ्चालन गर्नुपर्ने** : वायुयान, सोको इन्जिन तथा अन्य पार्टपुर्जाहरूको मर्मत, सम्भार गर्नुपर्दा यस ऐन बमोजिम अनुमति प्राप्त संस्थाबाट वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिएबमोजिम मर्मत सम्भार गराई वायुयान उडान तथा सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-८

## विमानस्थल दर्ता, सञ्चालन प्रमाणपत्र तथा नवीकरण

३०. **विमानस्थल (एरोड्रम) दर्ता तथा सञ्चालन प्रमाणपत्र लिनुपर्ने** : (१) नेपालमा विमानस्थल (एरोड्रम) सञ्चालन गर्न चाहेमा प्राधिकरणले निर्धारण गरे बमोजिमको मापदण्ड र सर्त बमोजिम दर्ता र सञ्चालन प्रमाणपत्र लिनु पर्नेछ ।

तर प्राधिकरणले तोकेको आन्तरिक विमानस्थलको हकमा त्यस्तो विमानस्थल दर्ता प्रमाणपत्र लिई सेवा सञ्चालन गर्न सकिनेछ।

(२) प्राधिकरणले उडान सुरक्षा तथा हवाई सुरक्षालाई सुदृढ गर्नका लागि विमानस्थल (एरोड्रम) निर्माण मर्मत तथा विस्तारका सम्बन्धमा मापदण्ड बनाई नियमन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट नवीकरण गराउनु पर्नेछ।

३१. **रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने** : (१) दफा ३० बमोजिम विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त वा मापदण्ड उल्लङ्घन गरेमा सेवा सञ्चालनमा आंशिक रोक लगाउने तथा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको वा निलम्बनमा परेको संस्थाले रोक लगाइएको अवधि वा निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणवाट जारी भएको आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त पूरा गरेमा प्राधिकरणले त्यस्तो रोक वा निलम्बन फुकुवा गर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको संस्थाले उपदफा (२) बमोजिमको सर्त पूरा नगरी छ महिनाभित्र निलम्बन फुकुवा नभएमा प्राधिकरणले त्यस्तो संस्थाको प्रमाणपत्र खारेज गर्नेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संचालकलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-९

## एयर नेभिगेशन सेवा प्रदायक सम्बन्धी व्यवस्था

३२. **एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनुपर्ने** : (१) नेपालमा एयर नेभिगेशन सेवा प्रदान गर्नका लागि प्राधिकरणले निर्धारण गरेका मापदण्ड तथा सर्त बमोजिम एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट तोके बमोजिम नवीकरण गराउनु पर्नेछ ।

३३. **रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने** : (१) दफा ३२ बमोजिम एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त वा मापदण्ड उल्लङ्घन गरेमा प्राधिकरणले एयर नेभिगेसन सेवा सञ्चालनमा आंशिक रोक लगाउन वा एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको वा निलम्बनमा परेको संस्थाले रोक लगाइएको अवधि वा निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणवाट जारी भएको आदेश वा प्रमाणपत्रमा उल्लिखित सर्त पूरा गरेमा प्राधिकरणले त्यस्तो रोक वा निलम्बन फुकुवा गर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको संस्थाले उपदफा (२) बमोजिमका सर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम रोक लगाउनु वा निलम्बन गर्नु वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-१०

## व्यक्तिगत इजाजतपत्र

३४. **व्यक्तिगत इजाजतपत्र** : (१) यस ऐनबमोजिम व्यक्तिगत इजाजतपत्र प्राप्त नगरी कसैले देहायको काम गर्न वा गराउन हुँदैन :-

(क) वायुयानको उडान सञ्चालन,

(ख) वायुयानको मर्मत, सम्भार,

(ग) फ्लाइट डिस्प्याचिङ,

(घ) एयर ट्राफिक कन्ट्रोल।

(२) महानिर्देशकले बढीमा पाँच वर्ष अवधि तोकी व्यक्तिगत इजाजतपत्र जारी गर्नेछ।

(३) सङ्गठनको सदस्य राष्ट्रद्वारा जारी गरिएका व्यक्तिगत इजाजतपत्रमा निर्धारित मापदण्ड र सर्त पालना हुनेगरी मान्यतापत्र प्रदान गर्न सक्नेछ।

३५. **<u>रोक लगाउन तथा निलम्बन वा खारेज गर्न सक्ने</u>** : (१) व्यक्तिगत इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका सर्त विपरीत कुनै काम कारबाही गरेको पाइएमा महानिर्देशकले त्यस्तो व्यक्तिको इजाजतपत्र तत्कालका लागि रोक लगाउन वा बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निलम्बन अवधिसम्म त्यस्तो व्यक्तिले निर्धारित सर्त पूरा नगरेमा निजको इजाजतपत्र महानिर्देशकले खारेज गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम व्यक्तिगत इजाजतपत्र निलम्बन वा खारेज गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-११

## <u>सेवा शुल्क</u>

३६. **<u>शुल्क लिन सक्ने</u>** : (१) प्राधिकरणले देहायका सेवा प्रदान गरे बापत सेवा शुल्क लिन सक्नेछ:-

(क) इजाजतपत्र तथा सोको नवीकरण,

(ख) उडान अनुमति,

(ग) वायुयान दर्ता र दर्ता खारेज,

(घ) इजाजतपत्र जारी गर्न वा नवीकरण गर्न स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि गरिने परीक्षण वा निरीक्षण,

(ङ) सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणीकरण,

(च) प्राधिकरणले गर्ने नियमन शुल्क,

(छ) सेवा प्रदायक संस्थाको अनुरोधमा गरेको अनुगमन बापतको शुल्क,

(ज) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड दर्ता तथा नवीकरण,

(झ) समयमा शुल्क नबुझाएकोमा लाग्ने विलम्ब शुल्क।

(२) उपदफा (१) बमोजिम शुल्क नबुझाउने संस्था वा व्यक्तिलाई प्राधिकरणले विमानस्थल, हेलिपोर्ट र हेलिप्याडको सेवा सुविधा प्रयोग गर्न रोक लगाई त्यस्तो शुल्क सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

(३) प्राधिकरणले मानवीय (ह्युमेनिटेरियन), आपतकालीन, कुटनीतिक, खोज तथा उद्धार र राष्ट्रिय हितका लागि हुने उडानको लागि उपदफा (१) बमोजिमको सेवा शुल्कमा पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ।

(४) विमानस्थल सेवा शुल्क प्राधिकरणको सिफारिसमा नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

**३७. असुल गर्न सकिने** : (१) दफा ३६ को उपदफा (१) बमोजिम प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले थप शुल्क असुल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले त्यस्तो शुल्क सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

## परिच्छेद-१२

## महानिर्देशक तथा कर्मचारी

**३८. महानिर्देशक** : (१) समितिको सामान्य निर्देशन र नियन्त्रणमा रही प्राधिकरणको कार्यकारी प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले उपदफा (२) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा प्राधिकरणको सेवाको बाहौं तहको पदमा कार्यरत कर्मचारीहरू मध्येबाट एक जनालाई महानिर्देशकको पदमा नियुक्त गर्नेछ।

(२) नेपाल सरकारले महानिर्देशक पदमा नियुक्ति गर्न सिफारिस गर्ने प्रयोजनको लागि मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले नियुक्त गरेको एक जना विज्ञ र मन्त्रालयको सम्बन्धित विषय हेर्ने सहसचिव सदस्य-सचिव रहेको एक सिफारिस समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले प्रतिस्पर्धाको आधारमा एक जनाको नाम महानिर्देशक पदमा नियुक्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

(५) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

(६) देहायको व्यक्ति महानिर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः-

(क) शारीरिक तथा मानसिक अस्वस्थताको कारण आफ्नो पदमा रही सेवा गर्न असमर्थ भएको,

(ख) आफू वा आफ्नो परिवारको कुनै सदस्य प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको।

(७) नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई उपदफा (५) बमोजिमको पदावधि पूरा हुनु अगावै पदमुक्त गर्न सक्नेछ :-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) प्राधिकरणको कामकारबाही इमान्दारीपूर्वक नगरेमा वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग) आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) उपदफा (६) बमोजिम अयोग्य भएमा,

(ङ) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको ।

(८) उपदफा (७) बमोजिम महानिर्देशकलाई पदमुक्त गर्नुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

३९. **<u>महानिर्देशकको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रशासन, योजना तथा वित्तीय व्यवस्थापन सम्बन्धी :-

(१) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(२) प्राधिकरणका काम, कर्तव्य र अधिकारको कार्यान्वयन, पालना र प्रयोग गर्ने,

(३) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण र सुपरीवेक्षण गर्ने वा गराउने,

(४) प्राधिकरणको सम्पत्तिको रेखदेख, व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(५) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम र आयव्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेस गर्ने,

(६) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने।

(ख) नीति, मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी :-

(१) प्राधिकरणको लागि आवश्यक पर्ने नियम, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेस गर्ने,

(२) सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्ट्याण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र तिनमा समय समयमा सङ्गठनबाट हुने परिमार्जनलाई आवश्यकतानुसार कार्यान्वयन गर्न समितिबाट अधिकार प्रत्यायोजन भए बमोजिम मापदण्ड (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(३) उडान सुरक्षा तथा हवाई सुरक्षाका लागि पालना गर्नुपर्ने मापदण्ड तथा सर्तलाई कुनै कारणवश उड्डयन क्षेत्रले तत्काल पालना गर्न सक्ने अवस्था नरहेमा त्यस्ता मापदण्ड तथा सर्तमा छुट (एक्जेम्पसन र एक्सटेन्सन) दिने,

(४) उडान सुरक्षा र हवाई सुरक्षाका लागि आवश्यक आदेश जारी गर्ने,

(५) नेपाल सरकारले तोकेका निषेधित र प्रतिबन्धित वायुक्षेत्रको प्रकाशन र कार्यान्वयन गर्ने।

(ग) उडान सुरक्षा, हवाई सुरक्षा तथा सुपरीवेक्षण सम्बन्धी :-

(१) हवाई क्षेत्रमा वायुयानको प्रवेश, प्रयोग, उडान र अवतरणको अनुमति दिने,

(२) इजाजतपत्र, मान्यतापत्र वा अधिकारपत्र प्राप्त व्यक्ति वा संस्थाको उडान सुरक्षा सुपरीवेक्षण (फ्लाइट सेफ्टी ओभरसाइट) र हवाई सुरक्षा सुपरीवेक्षण (एभियशन सेक्युरिटी ओभरसाइट) गर्ने वा उक्त कार्यका लागि निरीक्षक नियुक्त गरी आवश्यक अधिकार प्रदान गर्ने,

(३) नेपालमा सञ्चालन हुने विदेशी वायुसेवाको उडान सुरक्षा र हवाई सुरक्षा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(४) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन उडान सुरक्षा तथा हवाई सुरक्षाको दृष्टिले उपयुक्त रहे वा नरहेको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्ने वा गराउने,

(५) उडान सुरक्षाको अधिकार प्राप्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रूपमा काम गर्ने,

(६) हवाई सुरक्षाको अधिकार प्राप्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रूपमा काम गर्ने,

(७) एस.एस.पि.(स्टेट सेफ्टी प्रोग्राम) को प्रमुख जिम्मेवार अधिकारीको रूपमा कार्य गर्ने,

(८) उडान सुरक्षा तथा हवाई सुरक्षाको नियमन गर्नका लागि निरीक्षकको नियुक्ति गर्ने,

(९) निरीक्षण सम्बन्धी कार्यमा संलग्न हुने निरीक्षक तथा अन्य प्राविधिक कर्मचारीहरूको तालिम योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

(घ) अनुसन्धान, नियमन तथा कारबाही सम्बन्धी :-

(१) उडान सुरक्षा र हवाई सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानबिन गर्ने, सुरक्षाको लागि आवश्यक कारबाही गरी समितिलाई जानकारी गराउने,

(२) यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको उल्लङ्घन गरी उडान सुरक्षा हवाई तथा सुरक्षामा प्रतिकूल असर पार्ने कार्य गरेको पाइएमा त्यस्ता व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम प्राप्त कुनै वा सबै अधिकार प्रयोगमा रोक लगाउने,

(३) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन असुरक्षित तवरले भइरहेको वा हुन लागेको र सोबाट धनजनको क्षति पुग्न सक्ने पर्याप्त आधार देखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालनमा रोक लगाई आवश्यक छानबिन गर्ने,

(४) सेवा प्रदायक संस्थाहरूको नियमन प्रयोजनका लागि घटना तथा दुर्घटनाको जाँच गर्ने।

(ङ) समन्वय, आपतकालीन व्यवस्थापन तथा अन्य कार्य :-

(१) मन्त्रालयसँगको समन्वयमा नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,

(२) नेपाल सरकार तथा अन्य निकायबिच सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुयानहरूको आपतकालीन अवस्थामा आवश्यतानुसार आपतकालीन सेवा प्रवाहलाई प्रभावकारी बनाउने,

(४) कुनै पनि अपरिचित वायुयानले नेपालको वायुक्षेत्रलाई अतिक्रमण वा प्रवेश गरेको जानकारी सेवा प्रदायक संस्था वा अन्य स्रोतबाट प्राप्त भएमा उक्त वायुयानलाई आवश्यकता अनुसार नियन्त्रण (इन्टरसेप्सन) गर्न नेपाली सेनासँग समन्वय गर्ने,

(५) समितिले तोकेका अन्य कार्य गर्ने।

४०. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>** : प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

४१. **<u>योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागु गर्ने</u>** : यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागु गर्नेछ।

४२. **<u>विज्ञ नियुक्त गर्न सक्ने</u>** : प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "विज्ञ" भन्नाले कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्यानुभव प्राप्त भएको व्यक्ति सम्झनुपर्छ।

४३. **<u>कर्मचारी समायोजन सम्बन्धी व्यवस्था</u>** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी प्राधिकरणमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिले साठी दिनभित्र प्राधिकरणमार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गरेका कर्मचारीको योग्यता, कार्यअनुभव र कार्यप्रकृतिका आधारमा मन्त्रालयले मापदण्ड बनाई प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएका कर्मचारीको अवकाश पश्चातको सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(४) उपदफा (२) बमोजिम प्राधिकरणमा समायोजन भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजले पाइरहेको पारिश्रमिक र सेवाका सर्त नघट्ने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन्।

(५) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम समायोजन भएका बिस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजहरूले निवृत्तिभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्नेछन्।

(६) प्राधिकरणको स्वीकृत दरबन्दीमा प्राविधिक जनशक्ति अभाव भएमा मन्त्रालयको स्वीकृतिमा निजामती सेवा वा नेपाल हवाई सेवा प्राधिकरणका कर्मचारीलाई निश्चित समय तोकी प्राधिकरणले काजमा खटाउन सक्नेछ।

## परिच्छेद-१३

## <u>निरीक्षक सम्बन्धी व्यवस्था</u>

४४. **निरीक्षक सम्बन्धी व्यवस्था** : (१) उडान सुरक्षा तथा हवाई सुरक्षा सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका (डाईरेक्टिभ्स), मापदण्ड (रिक्वायरमेण्ट्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेश वा सर्तको परिपालना भए नभएको निरीक्षण गर्ने, प्रमाणीकरण गर्ने, नियमन गर्ने, निगरानी र मूल्याङ्कन गर्ने तथा मान्यता दिने कार्य गर्नका लागि महानिर्देशकले निरीक्षक तोक्न सक्नेछ।

(२) महानिर्देशकले उपदफा (१) बमोजिमको निरीक्षक तोक्दा निरीक्षकको योग्यता, क्षमता, तालिम र अनुभवलाई आधार बनाई प्राधिकरणले बनाएको मापदण्ड बमोजिम तोक्नु पर्नेछ।

(३) महानिर्देशकले उपदफा (१) बमोजिम निरीक्षक तोक्दा निजको कार्यक्षेत्र, अधिकार र जिम्मेवारी स्पष्ट हुने गरी तोक्नु पर्नेछ।

(४) निरीक्षकले आकस्मिक वा नियमित निरीक्षण, परीक्षण, जाँच तथा सुपरीवेक्षण सम्बन्धी कार्य गर्दा विमानस्थल क्षेत्र, सेवा प्रदायक संस्था, वायुयान, कार्गो क्षेत्र, वायुयान गृह आश्रय (हाउजिङ), वायुयान मर्मत सम्भार गर्ने संस्था तथा सोको परिसर, प्रशिक्षण संस्था तथा सुविधा र सोसँग सम्बन्धित व्यक्ति तथा संस्था तथा सो संस्थाको परिसर र कागजात, उपकरण, यन्त्रमा निजलाई निर्वाध रूपमा प्रवेश (अनरेस्ट्रिक्टेड एण्ड अनलिमिटेड एक्सेस) दिनु पर्नेछ ।

(५) निरीक्षकले निरीक्षणका क्रममा गम्भीर उडान सुरक्षा तथा हवाई सुरक्षा जोखिम, दुघर्टना सम्भावना वा नियम उलङ्घन भएको देखेमा वायुयान सञ्चालनमा रोक लगाउन, उडान निलम्बन गर्न, विमानस्थल वा त्यसको कुनै क्षेत्र बन्द गर्न, तत्काल सुधारको आदेश जारी गर्न वा सुरक्षा स्तरको वृद्धिको सिफारिस गर्न तथा व्यक्ति वा संस्थाको प्रमाणपत्र पूर्ण वा आंशिक रूपमा निलम्बन गर्न सक्नेछ र निरीक्षकले निरीक्षणको क्रममा यस ऐन बमोजिम गरेको कारबाहीको जानकारी तत्काल छिटो माध्यमबाट महानिर्देशकसमक्ष पेस गर्नु पर्नेछ।

(६) निरीक्षकले उडान सुरक्षा तथा हवाई सुरक्षामा विद्यमान तथा सम्भावित जोखिम पहिचान गरी सुधारात्मक सुझाव वा निर्देशन दिनु पर्नेछ। निरीक्षकले उडान सुरक्षा तथा हवाई सुरक्षा व्यवस्थाको नियमित मूल्याङ्कन गरी महानिर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

(७) निरीक्षकले महानिर्देशकको अग्रिम स्वीकृति लिई आवश्यकता अनुसार उडान सुरक्षा तथा हवाई सुरक्षाको सुनिश्चितताको निक्यौंल गर्न गोप्य परिक्षण (कोभर्ट टेस्ट) गर्न सक्नेछ।

(८) निरीक्षकले निरीक्षण वा छानबिनका क्रममा देखिएका कमी कमजोरीको स्तर अनुसार मौखिक वा लिखित चेतावनी जारी गर्न वा सुधारात्मक योजना माग गर्ने वा जरिबाना सिफारिस गर्न, इजाजतपत्र आंशिक वा पूर्ण रूपमा निलम्बन वा खारेज गर्न र प्रचलित कानून बमोजिमको अन्य कारबाही गर्न महानिर्देशकसमक्ष सिफारिस गर्नु पर्नेछ।

(९) निरीक्षकले आफ्नो कार्य सम्पादनको क्रममा प्राप्त सूचना, जानकारी, तथ्याङ्क, योजना अनधिकृत रूपमा प्रयोग वा सार्वजनिक गर्न पाउनेछैन।

(१०) निरीक्षक र निरीक्षण कार्यको लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका तथा मापदण्ड महानिर्देशकले बनाई लागु गर्नेछ।

(११) निरीक्षकले यस दफा बमोजिम सम्पादन गर्ने कार्यको गुणस्तरको प्रत्याभूति परीक्षण गर्न महानिर्देशकले आफू मातहत रहने गरी छुट्टै गुणस्तर प्रत्याभूति इकाई गठन गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ।

(१२) उपदफा (११) बमोजिमको काम कारबाही गर्दा निरीक्षकहरूले पेश गरेका निरीक्षण निष्कर्ष तथा निरीक्षणको लागि निर्धारित कार्यविधि वा मापदण्डको सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन महानिरीक्षकसमक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-१४

## कोष तथा लेखा परीक्षण

**४५. प्राधिकरणको कोष** : (१) प्राधिकरणको आफ्नो एउटा कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) दफा ३६ बमोजिमको शुल्कबापत प्राप्त रकम,

(ग) प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा, जमिन वा अन्य चल अचल सम्पत्ति प्रयोग गर्न दिए बापत प्राप्त रकम,

(घ) स्वदेशी सङ्घ, संस्था, व्यक्तिबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(ङ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(च) प्राधिकरणको कोषमा रहेको रकम लगानी गरेबापत प्राप्त रकम,

(छ) दफा ४८ बमोजिम जरिबाना बापत प्राप्त रकम,

(ज) यात्रु सेवा शुल्क मध्येबाट नेपाल सरकारले तोकेको अनुपातको रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजतप्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

४६. **लेखा र लेखापरीक्षण** : (१) प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणले आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये सञ्चालक समितिबाट नियुक्त लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१५

## कसुर तथा सजाय

४७. **कसुर**: कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ:-

(क) दर्ता नभएको वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,

(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृत राष्ट्रियता तथा दर्ता सङ्केतभन्दा फरक सङ्केत प्रयोग गरी नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा,

(ग) प्रचलित कानून बमोजिम बिमा नगरी वायुयान उडान गरेमा,

(घ) अटेरी यात्रु (अनरुली पेसेनजर) ले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गरेमा,

(ङ) उडान योग्यताको प्रमाणपत्र नलिई वायुयान उडान वा सञ्चालन गरेमा,

(च) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्रमा तोकिएको सर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,

(छ) इजाजतपत्र वा मान्यतापत्र आवश्यक पर्नेमा त्यस्तो इजाजतपत्र वा मान्यतापत्र प्राप्त नगरी कुनै कामकारबाही गरेमा,

(ज) प्राधिकरणले तोकेको सर्त पालना नगरेमा वा सर्त विपरीत एयर नेभिगेशन सेवा सञ्चालनसँग सम्बन्धित कार्य गरेमा,

(झ) प्रमाणपत्र बिना एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,

(ञ) प्राधिकरणको स्वीकृति नलिई वा निर्धारित सुरक्षा मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरी खतराजनक वस्तु वायुयानबाट ओसारपसार गरेमा,

(ट) प्राधिकरणले निर्धारण गरे बमोजिमको मर्मत सम्भार नगरी वायुयान सञ्चालन गरेमा,

(ठ) एयर नेभिगेशन सेवामा बाधा अवरोध हुने गरी कुनै यन्त्र, उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा,

(ड) स्वीकृत हवाई भाडा दरभन्दा बढी हवाई भाडा लिई उडान सञ्चालन गरेमा,

(ढ) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,

(ण) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुनेगरी वायुयान सञ्चालन गरेमा,

(त) प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,

(थ) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,

(द) उड्डयन सम्बन्धी घटना वा दुर्घटनालाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,

(ध) प्राधिकरणबाट अनुमति नलिई उडान तथा अवतरण गरेमा,

(न) महानिर्देशक वा निजले तोकेको निरीक्षक वा पदाधिकारीलाई निजको कार्य सम्पादन गर्न अवरोध गरेमा,

(प) यो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड पालना नगरेमा,

(फ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमबमोजिम उडान सुरक्षा र हवाई सुरक्षा सम्बन्धमा महानिर्देशकले दिएको आदेश वा निर्देशन पालना नगरेमा।

४८. <u>सजाय</u> : (१) कसैले दफा ४७ बमोजिमको कसुर गरेमा निजलाई महानिर्देशकले देहाय बमोजिमको सजाय गर्नेछ :-

(क) खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा दस लाखदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना।

(ख) खण्ड (क), (ख), (च) र खण्ड (छ) देखि (ड) सम्मको कसुरमा पाँच लाखदेखि पन्ध्र लाख रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (घ) र खण्ड (ढ) देखि (फ) सम्मको कसुरमा एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) बमोजिम एकपटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा दोब्बर सजाय हुनेछ।

(३) यस दफा बमोजिम महानिर्देशकले गरेको सजायमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो सजायको सूचना प्राप्त गरेको पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१६

## <u>विविध</u>

४९. **<u>यो ऐन लागु नहुने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि निर्धारित विमानस्थल र हवाई क्षेत्रको हकमा लागु हुनेछैन।

५०. **<u>सेवा प्रदायक संस्थाको दायित्व</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त सेवा प्रदायक संस्थाका दायित्व देहाय बमोजिम हुनेछन् :-

(क) नेपालको हवाई क्षेत्रमा वायुयान उडाउनुअघि प्रचलित कानून बमोजिम वा प्राधिकरणले निर्धारण गरे बमोजिमको बिमा गर्नुपर्ने,

(ख) उडान सुरक्षा तथा हवाई सुरक्षा सम्बन्धी कुनै दुर्घटना, जोखिम, उल्लङ्घन सम्बन्धी जानकारी प्राधिकरणलाई तत्काल गराउने।

५१. **<u>सेवा प्रदायक संस्थामा आवद्ध हुन नपाउने</u>** : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक र विभागीय प्रमुखस्तरको कर्मचारी प्राधिकरणको सेवाबाट जुनसुकै कारणले अलग भएको मितिदेखि दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आवद्ध हुन पाउनेछैन।

५२. **<u>वार्षिक प्रतिवेदन</u>** : प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालयसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ।

५३. **<u>भाग लिन वा हिस्सेदार हुन नपाउने</u>** : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भाग लिन वा हिस्सेदार हुन पाउनेछैन।

५४. **<u>शपथ</u>** : दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्य र महानिर्देशकले पद बहाली गर्नुअघि शपथसम्बन्धी प्रचलित कानून बमोजिम अध्यक्षसमक्ष शपथ लिनु पर्नेछ।

५५. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको सदस्य, महानिर्देशक वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार बाहेक नियमन, सुपरीवेक्षण र निरीक्षणका लागि आफूलाई प्राप्त अधिकार पूरै वा आशिंक रूपमा निरीक्षकलाई र अन्य अधिकार प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५६. **<u>निर्देशन दिनसक्ने</u>** : नेपाल सरकार वा मन्त्रालयले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

५७. **नेपाल सरकारसँग सम्पर्क** : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

५८. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानून बमोजिमसमेत कसुर हुने भएमा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन।

५९. **सम्पत्ति तथा दायित्व सर्ने** : यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका घर, जग्गा र सम्पत्तिमध्ये प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले तोकिदिएको चल तथा अचल सम्पत्ति प्राधिकरणमा सर्नेछ।

६०. **नियम बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरू बनाउन सकिनेछ :-

(क) कर्मचारी प्रशासन सम्बन्धी,

(ख) योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी,

(ग) आर्थिक प्रशासन सम्बन्धी,

(घ) समितिको मनोनीत सदस्यको सुबिधा सम्बन्धी,

(ङ) यस ऐन बमोजिम जारी गरिने दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र, वा मान्यतापत्र र त्यस्तो दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यतापत्रको नवीकरण, निलम्बन, रोक वा खारेज सम्बन्धी,

(च) उडान योग्यताको प्रमाणपत्र सम्बन्धी,

(छ) टाइप प्रमाणपत्रको लागि दिइने निवेदनको ढाँचा र सो वापतको शुल्क, टाइप प्रमाणपत्र जारी गर्न पूरा गर्नुपर्ने उडान योग्यता सम्बन्धी मापदण्ड (एयरवर्दिनेश रिक्वायरमेन्ट), टाइप प्रमाणपत्रको ढाँचा र सो वापतको शुल्क सम्बन्धी,

(ज) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी योग्यता, स्वास्थ्य परीक्षण तथा जाँच, परीक्षा र नवीकरण सम्बन्धी,

(झ) नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रको मान्यता सम्बन्धी,

(ञ) उडान सुरक्षा तथा हवाई सुरक्षाको सुनिश्चितताको निक्यौंल गर्न गोप्य परीक्षण (कोभर्ट टेस्ट) प्रक्रिया सम्बन्धी,

(ट) वायुयान दर्ताको लागि दिनुपर्ने निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, वायुयान दर्ताको लागि सर्त निर्धारण, वायुयान दर्ता, वायुयान सञ्चालन प्रमाणपत्रको ढाँचा तथा राष्ट्रिय चिन्ह सम्बन्धी,

(ठ) परीक्षण उडान वा पोजिशन फ्लाइटको लागि पटके उडान अनुमति सम्बन्धी,

(ड) राष्ट्रिय उडान सुरक्षा कार्यक्रम तथा उडान सुरक्षा व्यवस्थापन सम्बन्धी,

(ढ) राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम तथा हवाई सुरक्षा व्यवस्थापन सम्बन्धी,

(ण) एयर नेभिगेशन सेवा सम्बन्धी,

(त) विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(थ) विमानस्थलको दर्ता, प्रमाणपत्र तथा नियमन सम्बन्धी,

(द) वायुयानको मर्मत, सम्भार तथा परीक्षण सम्बन्धी,

(ध) खतराजन्य वस्तु ओसारपसार, वातावरण प्रदुषण नियन्त्रण, सरुवा रोग तथा महामारी सम्बन्धी,

(न) मानवरहित उडान प्रणाली सम्बन्धी,

(प) सदस्यको सुविधा सम्बन्धी,

(फ) प्राधिकरण, समिति तथा महानिर्देशकको काम, कर्तब्य र अधिकार सम्बन्धी,

(ब) प्राधिकरणबाट प्रदान गरिने सेवा बापत दफा ३६ बमोजिमका शुल्क तथा निवेदन दस्तुर सम्बन्धी,

(भ) कोषको सञ्चालन सम्बन्धी,

(म) निरीक्षक सम्बन्धी,

(य) महानिर्देशकको सुविधा तथा सेवाको सर्त सम्बन्धी,

(र) दफा २४ बमोजिम आपसी समझदारीमा हुने नियमन सम्बन्धी,

(ल) सङ्गठनले जारी गरेका एनेक्सहरूको परिपालनाको अनुगमन तथा नियमन,

(व) सेवा प्रदायकहरूको इजाजतपत्र, नवीकरण तथा नियमन सम्बन्धी,

(श) सेवा प्रदायक संस्थाहरूको नियमन प्रयोजनका लागि घटना तथा दुर्घटनाको जाँच सम्बन्धी,

(ष) वन्यजन्तु (चराचुरुङ्गी तथा जनावर) जन्य जोखिम न्यूनीकरण सम्बन्धी,

(स) गुणस्तर व्यवस्थापन प्रणाली (क्वालिटी म्यानेजमेन्ट सिस्टम) सम्बन्धी,

(ह) ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषय।

**६१. विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राधिकरणले आवश्यकता अनुसार विनियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरूको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु हुँदैन। आर्थिक दायित्व थप हुने विषयमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

**६२. असल नियतले गरेको कामको बचाउ** : (१) यो ऐनको उद्देश्य पूर्तिको लागि असल नियतले गरेको कुनै कामको निमित्त कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति उपर कुनै कानूनी कारवाही गरिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले बदनियतपूर्वक वा गम्भीर लापरवाही वा हेलचेत्र्‍याईं गरी गरेको कुनै कामले प्राधिकरणको सम्पति क्षति भएमा वा प्राधिकरणलाई कुनै किसिमले हानि नोक्सानी भएमा त्यस्तो काम गर्ने कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति वैयक्तिक रूपमा जिम्मेवार हुनेछ र त्यस्तो क्षति वा हानि नोक्सानीका सम्बन्धमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

**६३. खारेजी र बचाउ** : (१) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ खारेज गरिएको छ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम नियमनसँग सम्बन्धित विषयमा भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।